

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १४१ ★ ने. सं. ११४६ अनला गा, त्रयोदशी ★ शनिबार ★ ३० जेठ, २०८३ ★ June 13, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## शैक्षिक प्रमाणपत्र प्राप्तिमा मात्र सीमित नभई आफ्नो सर्वाङ्गीण विकासमा ध्यान दिन आग्रह




भक्तपुर, २९ जेठ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय र शारदा क्याम्पस माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०८३/८४ मा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरलाई शैक्षिक गन्तव्यका रूपमा रोजेका विद्यार्थीहरूलाई आफ्नै घर सम्झेर ख्वपमा अध्ययन गर्न आग्रह गर्नुभयो । उहाँले विद्यार्थीहरूलाई अध्ययनप्रति समर्पित भई देश र समाजको आवश्यकताअनुसार दक्ष, अनुशासित र जिम्मेवार नागरिक बन्न आग्रह गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र प्राप्तिमा मात्र सीमित नभई आफ्नो सर्वाङ्गीण विकासमा ध्यान दिन आग्रह गर्दै ख्वप शिक्षालयहरू नाफा कमाउने उद्देश्यले सञ्चालन नभएको स्पष्ट पार्दै यहाँका शिक्षक तथा कर्मचारीहरू देशको भविष्य निर्माण गर्ने जिम्मेवारीका साथ समर्पित भएर काम गरिरहेको बताउनुभयो । उहाँले ख्वप सर्कलले गुणस्तरीय, व्यवहारिक र समाजप्रति उत्तरदायी शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले ख्वप सर्कल सञ्चालक समितिले विद्यार्थीहरूको समस्या, आवश्यकता र सुझावलाई गम्भीरतापूर्वक बुझेर काम गर्नुपर्ने बताउँदै देशका विभिन्न जिल्लाबाट अध्ययनका लागि आएका विद्यार्थीहरूसँग कलेजमा कार्यरत कर्मचारीहरूले शिष्ट, सहयोगी र सम्मानजनक व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यार्थीहरूलाई अनुशासन, नैतिकता, सामाजिक उत्तरदायित्व र देशप्रेमका भावनासहित अध्ययनमा अघि बढ्न आग्रह गर्दै शिक्षा केवल प्रमाणपत्र हासिल गर्ने माध्यम नभई व्यक्तित्व निर्माण र समाज रूपान्तरणको आधार भएको धारणा व्यक्त गर्नुभयो ।

उहाँले देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्नुपर्ने जिम्मेवारीमा सरकार कमजोर देखिएको टिप्पणी गर्दै राज्यका महत्त्वपूर्ण निकायहरूलाई कमजोर बनाउने गतिविधिले देशको समग्र विकास र स्वाभिमानमा नकारात्मक असर पार्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप शिक्षालयहरूले देशका लागि आवश्यक योग्य, दक्ष र अनुशासित जनशक्ति उत्पादन गर्दै आएको बताउनुभयो ।

उहाँले शिक्षा सबै नागरिकको मौलिक अधिकार भएकाले राज्यले यसको जिम्मेवारी वहन गर्नुपर्ने धारणा राख्दै

***बाँकी पृष्ठ २ मा***

## ‘माल पाएर के गर्नु, चाल पाए पो !’

शक्ति राष्ट्रहरूले पहिलेदेखि स-साना र कमजोर देशहरूलाई आ-आफ्नो हितमा प्रयोग गर्दै आइरहे । नेपालको आजको स्थितिमा परिस्थिति छर्लङ्ग हुँदै छ । २००७ सालको सशस्त्र क्रान्ति कहाँबाट र कसको सहयोगले भयो ? एमाओवादीको नाउँबाट भएको विद्रोह पनि भारतबाटै भएकोमा आज कसैले असहमति जनाउने छैन । २०८२ को भदौ २३ र २४ गतेको आगलागी र देशभरको विध्वंस पनि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको जानकारीमा भएको बारे सबै नेपालीले झन्झन् बुझ्दै छन् ।

साइकल चढ्न नजान्नेलाई साइकल दान दिएपछि पाउने व्यक्तिले बोकेर हिँड्नुभन्दा अरु के गर्लान् ? प्रधानमन्त्रीलाई आफूले संसद्मा के बोल्नु हुन्छ, के बोल्नु हुँदैन र आफू प्रतिनिधिसभाप्रति उत्तरदायी छु भन्नेबारे थाहा नपाएपछि के गर्ने ?

लाजगाजको पनि ख्याल नाखेर प्रधानमन्त्रीले ‘नेपालले पनि भारतका भूमि थिचोमिचो गरेको’ झूट तथा अप्रासङ्गिक विषय बोलेकोमा माफी माग्नुको विकल्प राजीनामा दिने मुद्रामा देखिएको व्यापक चर्चा चल्यो । त्यसलाई जोगाउनलाई मात्र परराष्ट्रमन्त्री शिशिर खनालले ‘करेक्सन गरे’ अर्थात् सच्याए भन्ने हल्लाले अर्को प्रश्न उठ्यो । प्रधानमन्त्रीको इच्छा र भनाइलाई ‘सच्याउने’ र ‘हेरफेर’ गर्ने अधिकार परराष्ट्रमन्त्रीलाई हुने गर्दैन । प्रधानमन्त्रीको राजीनामा र शिशिर खनाल आफै ‘प्रम’ भएपछि मात्रै प्रधानमन्त्रीको सच्याइएको मानिने छ । के सरकारको यही तयारी हो (?) वा संसदीय बन्दोबस्तलाई पनि एउटा हाँक हो ?!’

त्यसबारे प्रतिपक्षले ‘दुर्भाग्यपूर्ण बतायो । *(‘अन्नपूर्ण’ - २८ जेठ, २०८३)*

XXX

अर्थमन्त्रीले पनि आफ्नो बजेट भाषणकै अङ्कमा हेरफेर गरेकोमा जनताको ठुलो आपत्ति सुनियो । बाध्य भएर सच्याएकै कारणले अर्थमन्त्रीको आर्तनाद सुनियो, “वित्तीय अपराधी समूहबाट प्रधानमन्त्री र ममाथि आक्रमण” भएको उनले दाबी गरे ।

यो आर्तनाद र गुहारले ‘प्रचण्ड’ सरकारका अर्थमन्त्रीको पनि बजेट बनाउने गुप्त कोठामा समेत ‘अपराधी समूह’ का व्यक्ति पुग्दा केही भएन भनी प्रश्न गर्दैमा अर्थमन्त्री भाग्ने ठाउँ कहाँ छ ?

त्यतिमात्र होइन ‘अपराधी समूह’ बाट प्रश्न गर्नेछन् - ‘हिजो घोषणापत्र’ लेखेकै दलको विरोधमा अर्को पार्टीको तर्फबाट निर्वाचन कुन राजनैतिक नैतिकताको आधारमा अर्थमन्त्री बन्यौ ?’ सम्भवत: यसको सरल उत्तर राजनीतिबाट सन्न्यास हो । किनभने, नालायकीपन र अज्ञानताको पनि एउटा सीमा होला ! हो, ‘घोषणापत्र’ लेख्ने, बेच्ने र ‘घोषणापत्र’ प्रति प्रतिबद्धता फरक नैतिकता हो ।

XXX

प्रधानमन्त्री ‘रामचन्द्र पौडेल र ‘प्रधानमन्त्री ....’ भनी सभामुखले संसद्मा एकैबाजी दुई जना प्रधानमन्त्रीको नाम लिँदा सदनमा एकछिन स्तब्ध र अन्योल छायो । के गर्ने ?! ‘नपाउनेले केरा पायो, बोक्रासमेत खायो’ भन्ने उखानले व्यापकता पायो ।

हो त, ‘माल पाएर के गर्नु, चाल पाउनु’ आवश्यक छ ।

## देशको जिम्मेवार व्यक्तिले देशलाई असर पर्ने खालको अभिव्यक्ति दिन नहुने




भक्तपुर, २९ जेठ । भक्तपुर नगरपालिका ७ नं वडा कार्यालयको आयोजनामा फुटसल प्रतियोगिताका उपविजेता खेलाडीहरूलाई बधाई ज्ञापन कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भएको कार्यक्रममा खेलाडीहरूलाई बधाईका साथै मायाको चिनो पनि वितरण गरिएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले युवा भनेको देशको भविष्य भएको हुँदा भोलिको समाज आजका युवाको हातमा रहेको र देशको जिम्मेवार व्यक्तिले देश नै नरहने खालको अभिव्यक्ति दिन नहुने बताउनुभयो ।

उहाँले पुर्खाको योगदानलाई बिर्सन नहुने र सदा स्मरण गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले बिहान र बेलुका गरी नियमित ६ वटा खेलको प्रशिक्षण दिइरहेको र पालिकाले उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति र ऋण उपलब्ध गराउँदै आएको बताउनुभयो ।

भक्तपुर युवा टीमका संस्थापक

***बाँकी पृष्ठ ८ मा***

## वागीश्वरी माविमा अभिमुखीकरण कार्यक्रम

भक्तपुर, २९ जेठ । वागीश्वरी मावि च्याह्मासिंहमा शैक्षिक सत्र २०८३/८४ को लागि कक्षा ११ मा भर्ना हुन आएका नवआगन्तुक विद्यार्थीलाई अभिमुखीकरण बिहीबार गरियो । बिहानी सत्रमा भर्ना भएका व्यवस्थापन, मानविकी, शिक्षा र कानुनमा भर्ना भएका विद्यार्थीलाई बिहान र विज्ञान, व्यवस्थापन र सिभिल इन्जिनियरिङका लागि दिवा सत्रमा भर्ना भएका विद्यार्थीलाई दिउँसो आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापतिले विद्यालयको सङ्क्षिप्त इतिहास सुनाउनुभयो ।

उहाँले भन्नुभयो, “वागीश्वरी स्कूलले पाठ्यक्रमद्वारा निर्धारित विषयबाहेक पनि व्यवहारिक रूपमा इमानदारी र स्वाभिमानको पाठ पनि सिकाउँछ । विदेशीले नेपालीलाई पैसाको

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्र कुनो





**चैते धानखेती**
लमजुङको मध्य नेपाल नगरपालिका-७ स्थित करापुटार फाँटमा पाक्दै गरेको चैते धानखेती र इशानेश्वर महादेव मन्दिर । *तस्बिर : देवेन्द्र गुरुङ/रासस*

# ब्रह्मायणीमा नवआगन्तुक विद्यार्थीलाई स्वागत

भक्तपुर, २९ जेठ । ब्रह्मायणी आधारभूत विद्यालय लिबालीमा शैक्षिक सत्र २०८३ को लागि भर्ना हुन आएका नवआगन्तुक विद्यार्थीहरूलाई शुक्रबार अभिभावकको उपस्थितिमा एक विशेष स्वागत कार्यक्रमको आयोजना गरियो ।

सोही अवसरमा २०८२ सालको वार्षिक परीक्षामा पहिलो, दोस्रो र तेस्रो हुन सफल उत्कृष्ट विद्यार्थीहरूलाई पनि पुरस्कारद्वारा सम्मान गरिएको थियो । साथै चालीस जना विद्यार्थीलाई प्रतिविद्यार्थी रु. ४०० (चार सय रुपैयाँ) का दरले रू. १६,०००। (सोन्ह हजार) रुपैयाँ छात्रवृत्ति प्रदान गरियो ।

विद्यालय व्यवस्थापन समितिका संस्थापक अध्यक्ष ज्ञानसागर प्रजापतिको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले विद्यार्थीहरूलाई शिक्षक र अभिभावकहरूले डर, त्रास देखाएर नपढाउन आग्रह गर्दै विद्यार्थीलाई अरूसँग तुलना गरेर कसैलाई नहोच्याउन अनुरोध गर्नुभयो ।

आइतबार पनि बिदा दिने सरकारी उर्दीले शिक्षकलाई सुविधा भए पनि त्यो विद्यार्थी र अभिभावकको हितमा नभएको चर्चा गर्दै उहाँले हाल सात महिना विद्यालय सञ्चालन गरेर पाँच महिना बिदा बसी तेन्ह महिनाको पारिश्रमिक पाइरहेको अवस्थामा अब आइतबार बिदा दिए पाँच महिना विद्यालय सञ्चालन गरेर सात महिना बिदा बसी तेन्ह महिनाको तलब प्रदान गरिने अवस्था आउँछ; यसबारे अभिभावकले आफ्नो अभिमत राख्नुपर्ने धारणा राख्नुभयो

लगत्तै अभिभावकहरूको अभिमत माग्दा सबै एकै स्वरमा अभिभावकले आइतबार बिदा दिन नहुने बताएका थिए ।

पर्याप्त शिक्षक दरबन्दी नहुँदा निजी स्रोतबाट शिक्षक राख्नु परेको उदाहरण दिँदै उहाँले त्यसको लागि अभिभावकसँग सहयोग लिनुपरेको पनि बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ८ का वडा सदस्य सुमित्रा बोहजुले विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी विद्यार्थीको प्रतिभा प्रस्फुटनमा पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यार्थीलाई सांस्कारिक बनाउन घर परिवार अभिभावकको महत्त्वपूर्ण भूमिका हुने हुँदा बालबच्चाको अगाडि अपशब्द नबोल्न, झैझगडा नगर्न पनि अनुरोध गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीनारायण दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रअ तीर्थलक्ष्मी धन्छा, शिक्षिकाहरू इन्दिरा लाछिमस्यु र सरस्वता थापासहित विद्यार्थीहरूले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरूले धाँ बाजा प्रस्तुत गर्नुका साथै कक्षागत नृत्यहरू पनि प्रदर्शन गरेका थिए ।

***शैक्षिक...***

पछिल्ला वर्षहरूमा शिक्षामा राज्यको लगानी घट्दै गएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय मान्यताअनुसार कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो । शिक्षा किनबेचको वस्तु बन्न नहुने र सबै नागरिकको पहुँचमा गुणस्तरीय शिक्षा सुनिश्चित हुनुपर्ने उहाँको भनाइ थियो ।

उहाँले ख्वप माविले स्थापनाकालदेखि नै विद्यार्थीलाई माध्यमिक तहदेखि उच्च शिक्षासम्म अध्ययन गर्ने अवसर उपलब्ध गराउँदै आएको जानकारी दिँदै २०५६ सालमा स्थापना भएको ख्वप माविले यस वर्ष कक्षा ११ मा भर्नाका लागि देशका ६४ जिल्लाबाट १ हजार ८ सयभन्दा बढी विद्यार्थी आएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले देशलाई आवश्यक योग्य दक्ष प्राविधिक तथा विशेषज्ञ जनशक्ति उत्पादन गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न कलेज सञ्चालन गर्दै आएको बताउँदै ती शिक्षालयहरूको मुख्य उद्देश्य अनुशासित, नैतिकवान् र देशभक्त नागरिक तयार गर्नु रहेको स्पष्ट पार्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले हरेक वर्ष करिब साढे ४ करोड रूपैयाँ बराबरको छात्रवृत्ति प्रदान गर्दै आएको उल्लेख गर्दै आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको उच्च शिक्षा सुनिश्चित गर्न हालसम्म ८५० जना विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराइएको जानकारी दिनुभयो ।

उहाँले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा सबै नेपालीको साझा दायित्व भएको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यार्थीहरूले स्पष्ट लक्ष्य र अर्जुनदृष्टि लिएर अध्ययनमा अघि बढे सफलता हासिल गर्न सक्ने बताउनुभयो ।

उहाँले "रोम एकै दिनमा बनेको होइन" भन्ने उखान स्मरण गराउँदै भक्तपुर र ख्वप शिक्षालयहरूको इतिहास पनि लामो सङ्घर्ष, समर्पण र निरन्तर प्रयासबाट निर्माण भएको उल्लेख गर्नुभयो । ख्वप शिक्षालयहरू देशभरका विद्यार्थीहरूको विश्वासिलो शैक्षिक केन्द्रका रूपमा स्थापित भएको उहाँको भनाइ थियो ।

नयाँ पुस्ताले गलत प्रवृत्ति, भ्रम फैलाउने विचार र अस्वस्थ प्रभावबाट आफूलाई जोगाउनुपर्नेमा जोड दिँदै सही विचार, अध्ययन र अनुभवबाट व्यक्तित्व विकास गर्न सके मात्र समाज र राष्ट्रप्रति जिम्मेवार नागरिक बन्न सकिने उहाँले बताउनुभयो ।

उहाँले बाहिरी तथा भित्री व्यक्तित्व निर्माणमा विद्यार्थीहरू सचेत हुनुपर्ने धारणा राख्दै डिजिटल प्लेटफर्ममा अत्यधिक समय खर्चिनुभन्दा सामाजिक गतिविधि, अध्ययन, छलफल र सिर्जनात्मक कार्यमा सहभागी हुन सके प्रगतिउन्मुख जीवन निर्माण गर्न सहज हुने बताउनुभयो ।
ख्वप शिक्षालयहरू अहिले देशका विभिन्न जिल्लाबाट आएका हजारौं विद्यार्थीहरूको साझा घर बनेको उल्लेख गर्दै उहाँले विशाल हृदय, उच्च सोच र कडा मेहनतका साथ अध्ययनमा लाग्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्थाले विद्यार्थीहरूले अपेक्षाअनुसार नतिजा प्राप्त गर्न नसकेको र हालको शैक्षिक प्रणालीमा सुधार आवश्यक रहेको धारणा उहाँले राख्नुभयो । उहाँले एसईईको उत्तीर्ण प्रतिशत सन्तोषजनक नभएको उल्लेख गर्दै त्यसलाई शिक्षा नीतिको कमजोरीसँग जोडेर समीक्षा गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूले अध्ययनसँगै अनुशासनलाई विशेष महत्त्व दिनुपर्ने बताउनुभयो ।

ख्वप कलेजमा शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता तथा गतिशीलताले सिकाइ प्रक्रियालाई जीवन्त बनाएको बताउँदै प्राचार्य श्रेष्ठले ख्वपमा सबै विद्यार्थीलाई समान अवसर र समान व्यवहार प्रदान गरिने बताउँदै समानताको भावनालाई व्यवहारमा उतार्न सबै विद्यार्थीका लागि एउटै पोसाक (ड्रेस) व्यवस्था गरिएको जानकारी पनि दिनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले ख्वप सर्कलको आधारशिला संस्था ख्वप माध्यमिक विद्यालय रहेको उल्लेख गर्दै यस शैक्षिक परिवारमा आबद्ध हुनु नै गर्वको विषय भएको बताउनुभयो ।

उहाँले ख्वप शिक्षालयहरू भक्तपुरवासीको मेहनत, त्याग र पसिनाबाट निर्माण भएको सम्पत्ति भएकाले यसको संरक्षण र विकासमा सबैले जिम्मेवारीबोध गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लले विद्यार्थीहरूले निरन्तर मेहनत गर्न छोड्न नहुने बताउँदै भविष्यमा जुनसुकै पेसा र क्षेत्रमा पुगे पनि समाजप्रति योगदान दिनुपर्ने धारणा राख्नुभयो । उहाँले नयाँ पुस्तामा धैर्यता, अनुशासन, अग्रजप्रति सम्मान र आफ्नो लक्ष्यप्रति स्पष्ट रहने गुण आवश्यक रहेको बताउनुभयो ।

ख्वप मावि र शारदा क्याम्पस माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले नगरपालिकाले माध्यमिक तहदेखि इन्जिनियरिङ, व्यवस्थापन, विज्ञान तथा अन्य उच्च शिक्षाका कार्यक्रम सञ्चालन गरी हजारौं विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउँदै आएको बताउनुभयो ।

कार्यक्रममा कक्षा १२ अध्ययनरत विद्यार्थीहरू छाया प्रधान, निर्भाना बज्राचार्य, कृति लामिछानेले पनि बोल्नुभएको थियो भने विद्यार्थी रविन बस्यालले गीत सुनाउनुभयो । कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति पनि देखाएका थिए ।

# बाल विकास सहजकर्ता सङ्घर्ष समितिद्वारा शिक्षामन्त्रीको ध्यानाकर्षण

भक्तपुर, २९ जेठ । बाल विकास सहजकर्ता सङ्घर्ष समिति भक्तपुरले शुक्रबार जिल्ला प्रशासन कार्यालय भक्तपुर, शिक्षा विकास तथा समन्वय एकाइ भक्तपुर र नगर शिक्षा शाखामा बाल विकास सहजकर्तालाई पूर्वप्राथमिक विद्यालय शिक्षक भनी सम्बोधन गर्न माग गर्दै ज्ञापनपत्र बुझायो ।

२०८२ साल फागुन २१ गते संसदीय निर्वाचनपछि गठित रा.स्व.पा.को नेतृत्वमा बनेको सरकारले जेठ १५ गते आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दा सम्बोधन हुन नसकेका विभिन्न माग यथाशीघ्र पुन:विचार गरियोस् भनी सङ्घर्ष समितिले सो ज्ञापनपत्र बुझाएको हो ।

शिक्षा विकास तथा समन्वय एकाइ भक्तपुरमार्फत शिक्षामन्त्रीको ध्यानाकर्षण गर्दै बुझाइएको सो ज्ञापनपत्रमा बाल विकास सहजकर्ता शिक्षकहरू श्रम ऐनले तोकेको न्यूनतम ज्यालाभन्दा कम पारिश्रमिक अर्थात् मासिक १२ हजार दिएको, महँगी भत्ता, प्रोत्साहन भत्ता कुनै किसिमको सुविधा नदिएको र विद्यालयमा अन्य शिक्षकसरह नै बस्नुपर्ने बाध्यता रहेको उल्लेख छ ।

ज्ञापनपत्रमा पूर्वप्राविं शिक्षाको पारिश्रमिक कम्तीमा बहिदार तहको निजामती कर्मचारीसरह हुनुपर्ने, पूर्वप्रावि तहका शिक्षकहरूलाई अन्य राष्ट्रसेवक कर्मचारी सरह महँगी भत्ता र प्रोत्साहन भत्ताको व्यवस्था हुनुपर्ने माग उल्लेख गरिएको छ ।

पूर्वप्रावि शिक्षकहरूको स्वामित्वको साथै सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न, पूर्वप्रावि शिक्षक दरबन्दी सरकारले प्रवेश गर्ने न्यूनतम शैक्षिक योग्यता एसईई गर्न र स्थानीय तहको सरकारले आफ्नो पालिकाभित्र माग व्यवस्था गर्ने हुँदा स्थानीय पालिकाहरूलाई पनि निश्चित प्रतिशत बजेट रकम पूर्व प्रा.वि. तहको लागि विनियोजन गर्नुपर्ने निर्देशन जारी गर्न सङ्घर्ष समितिले शिक्षामन्त्रीको ध्यानाकर्षण गरेको छ ।

बाल विकास सहजकर्ता सङ्घर्ष समितिका अध्यक्ष सीतालक्ष्मी छुस्याकीको नेतृत्वमा गएको सो टोलीमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय कोषाध्यक्ष चक्रबहादुर चाकतु, सङ्घका जिल्ला अध्यक्ष गणेशराम थुसा, सङ्घका नगर अध्यक्ष विष्णुप्रसाद दुमरु, नगर सदस्य रोसनराज तुईतुईसमेत संलग्न हुनुहुन्छ ।

# केही नेपाल ऐन संशोधन विधेयकमाथि सर्वसाधारणसँग राय माग

काठमाडौँ, २९ जेठ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८१' मा सर्वसाधारणसमक्ष राय माग गरिएको छ ।

मन्त्रालयले बिहीबार विभिन्न २० वटा ऐन संशोधनमाथि एक साताभित्र तोकिएको भाषा र ढाँचामा राय उपलब्ध गराउन सर्वसाधारणसमक्ष अनुरोध गरेको मन्त्रालयका प्रवक्ता दलबहादुर अधिकारीले जानकारी दिनुभयो ।

संशोधनका लागि राय माग गरिएको कानुनहरूमा कर्मचारी सञ्चय कोष ऐन, २०१९, जग्गा (नाप जाँच), २०१९, भूमिसम्बन्धी ऐन, २०२१, शिक्षा ऐन, २०२८ मा संशोधन, मालपोत ऐन, २०३४ मा संशोधन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५, नागरिक लगानी कोष ऐन, २०४७, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ रहेको छ ।

त्यसैगरी, निजामती सेवा ऐन, २०४९ मा संशोधन, विश्वविद्यालय अनुदान आयोग ऐन, २०२५, स्वास्थ्य सेवा ऐन, २०५३ मा संशोधन, वैदेशिक रोजगार ऐन,२०६४, सङ्घीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१, योगदानमा आधारित समाजिक सुरक्षा ऐन, २०७४, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ रहेका छन् ।

साथै, भूउपयोग ऐन, २०७६, वन ऐन, २०७६, बिमा ऐन, २०७९ मा संशोधन र विधायन ऐन,२०८१ मा संशोधनका लागि सर्वसाधारणमा राय माग गरिएको छ । ***(रासस)***

**मार्कसीट हराएको सूचना**

मिति २०८३/०२/२० का दिन भक्तपुरस्थित सल्लाघारी चोकबाट जगाती जाने क्रममा मेरो सी.टी.ई.भी.टी.बाट जारी भएको डिप्लोमा इन फार्मेसी तह उत्तीर्ण गरेको मार्कसीट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नाम** : राकेशकुमार सहनी
**रजिस्ट्रेसन नं.** : DPH-01441-020
**सिम्बोल नं.** : 04103464
**कलेज**: Nobel College of Medical Science, Sinamangal, KTM
**सम्पर्क नं.** :९८०७२९६९७२/९७६२४१२५७६

**हार्दिक समवेदना**



**जन्म**
**२०१९/०८/०९**

**स्वर्गारोहण**
**२०८३/०२/२१**

यस संस्थाका शेयर सदस्य नं ५१२ का सू.न.पा. १०, चित्तपोल निवासी **शिवराम बुढाथोकी**को असामयिक निधन भएकोले १० औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजन तथा आफन्तहरूमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक-८, भक्तपुर

## सङ्क्षिप्त समाचार

### स्रोत नखुलेको रकमसहित पक्राउ

काठमाडौँ, २९ जेठ । स्रोत नखुलेको रु. आठ लाख ६१ हजार ५०० सहित नयाँ सडकबाट एक जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता पवनकुमार भट्टराईका अनुसार सिन्धुपाल्चोकका सविन तिमल्सिनालाई पक्राउ गरिएको हो ।

निजविरुद्ध काठमाडौँ जिल्ला अदालतबाट हुन्डीसम्बन्धी कसुरमा चार दिनको म्याद लिई अनुसन्धान भइरहेको छ । *(रासस)*

### पुराना काठ व्यवस्थापन गर्दै डिभिजन वन कार्यालय

चितवन, २९ जेठ । डिभिजन वन कार्यालय, चितवनले राष्ट्रिय वन क्षेत्रमा रहेका पाँच वर्ष पुराना पाँच हजार २०० क्युबिक फिट सालका काठ व्यवस्थापनको काम सुरु गरेको छ ।

वन ऐन तेस्रो संशोधन, २०७९ ले सालका काठ पाँच वर्ष पुराना, सिसौ दुई वर्ष पुराना र अन्य काठ एक वर्ष पुरानालाई व्यवस्थापन गर्न सकिने अधिकार दिएपछि कार्यालयले पाँच वर्ष पुराना काठ व्यवस्थापनको काम सुरु गरेको कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले बताउनुभयो ।

सतनचुली सामुदायिक वन र चुम्लिङटारमा रहेका उक्त 'ए' ग्रेडका काठबाट प्रतिक्युबिक फिट रु. एक हजारदेखि एक हजार २५० सम्म राजस्व सङ्कलन हुनेछ । *(रासस)*

### विदेश पठाउने भन्दै ४० लाख ५० हजार ठगी गर्ने दुई जना पक्राउ

काठमाडौँ, २९ जेठ । काठमाडौँ उपत्यका अनुसन्धान कार्यालयको टोलीले अमेरिका र क्रोएसिया पठाउने भन्दै रु. ४० लाख ५० हजार ठगी गर्ने दुई जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा दोलखा शैलुङ गाउँपालिका-२ की ४५ वर्षीया रुकुकुमारी श्रेष्ठ तथा मोरङ उर्लाबारी नगरपालिका-६ का ३५ वर्षीय शैलेन्द्र शाक्य रहेका काठमाडौँ उपत्यका अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक शरतकुमार थापा क्षेत्रीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "रुकुकुमारी श्रेष्ठले अमेरिका पठाउने भन्दै रु. ३५ लाख तथा शैलेन्द्र शाक्यले क्रोएसिया पठाउने भन्दै रु. तीन लाख ५० हजार लिई विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने उजुरीका आधारमा पक्राउ गरिएको हो ।" उनीहरूलाई काठमाडौँ उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँमा पठाइएको प्रहरी उपरीक्षक थापा क्षेत्रीले बताउनुभयो । *( रासस)*

### लागूऔषधसहित ३३ जना पक्राउ

काठमाडौँ, २९ जेठ । नियमित गस्तीमा रहेको प्रहरी टोलीले मुलुकका विभिन्न भागबाट लागुऔषधसहित ३३ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँबाट आठ, ललितपुरबाट छ, जुम्लाबाट चार, सुर्खेतबाट तीन, मोरङ, सिन्धुपाल्चोक, तनहुँ, रूपन्देही र बाँकेबाट दुई/दुई तथा सिरहा र कैलालीबाट एक/एक जना पक्राउ परेका हुन् ।

प्रहरीले उनीहरूबाट लागुऔषध खैरोहेरोइन र गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि डाइजेपाम, फेनारगन, बुप्रेनोर्फिन, प्रोमेथाजाइन, स्पास्मो र ट्रामाडोल बरामद गरेको छ । *(रासस)*

# खेतीको मुख्य याममा ट्रान्सफर्मर चोरीले किसान चिन्तित

सिरहा, २९ जेठ । सिरहाको गोलबजार नगरपालिका-१३ दुर्गापुरस्थित सिमरा चौरमा सिँचाइका लागि जडान गरिएको ११ हजार भोल्ट क्षमताको ट्रान्सफर्मर बुधबार राति चोरी भएपछि सयौँ किसान प्रभावित भएका छन् । खेतीपातीको मुख्य याममा विद्युत् आपूर्ति अवरुद्ध हुँदा सिँचाइ सेवा ठप्प भएको छ ।

किसान दुर्गेशकुमार सिंहले धान तथा अन्य बाली लगाउने तयारी भइरहेका बेला ट्रान्सफर्मर चोरी हुँदा किसान समस्यामा परेको बतउनुभयो । "ट्रान्सफर्मर चोरी भएपछि अब डिजेल पम्प वा अन्य वैकल्पिक स्रोतको सहारा लिनुपरेको छ, यसबाट खेतीको लागत बढ्नेछ", उहाँले भन्नुभयो ।

किसान रामपृत यादवले खेती नै परिवारको मुख्य आम्दानीको स्रोत रहेको भन्दै ट्रान्सफर्मर चोरीले ठुलो असर परेको बताउनुभयो । उहाँले सिँचाइ अभावका कारण उत्पादन घट्ने चिन्ता व्यक्त गर्दै तत्काल विद्युत् सेवा पुन:स्थापना गर्न माग गर्नुभयो ।

सिरहामा पछिल्लो समय ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएको देखिएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले ट्रान्सफर्मर चोरीका घटनाबारे जानकारी दिँदै भन्नुभयो, "हालसम्म ट्रान्सफर्मर चोरीसम्बन्धी १५ वटा उजुरी प्राप्त भएका छन् । प्राप्त उजुरीका आधारमा अनुसन्धान अगाडि बढाइएको छ र घटनामा संलग्न व्यक्तिहरूको खोजी भइरहेको छ ।" उहाँका अनुसार नवराजपुर र बरियारपट्टी लगायतका क्षेत्रबाट पनि यस्ता घटनाका उजुरी आएका छन् । *(रासस)*



**नेपालकै दोस्रो घरबास घलेगाउँ**

लमजुङको क्व्होलासोथर गाउँपालिका-३ स्थित नेपालकै दोस्रो घरबास गाउँ घलेगाउँ । विसं २०५७ बाट सञ्चालित यस गाउँ मुलुककै पहिलो स्मार्ट भिलेज, खुसी गाउँ र दक्षिण एसियाकै नमुना गाउँको रूपमा समेत परिचित छ । *तस्बिर: जनक श्रेष्ठ/रासस*

# बेरुजुको समस्या नीतिगत तथा व्यवहारिक रूपमा सम्बोधन गर्न जोड

काठमाडौँ, २९ जेठ । सार्वजनिक लेखा समितिले बेरुजुका विषयमा देखिएको नीतिगत तथा व्यावहारिक समस्या सम्बोधन गर्नुपर्नेमा जोड दिएको छ ।

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको आजको बैठकमा छलफलमा समिति सभापति भरतबहादुर खड्काले विभिन्न सरकारी निकायसँग बेरुजुको विषयमा आवश्यक जानकारी दिएर बेरुजु फर्स्यौटको लागि आवश्यक नीतिगत तथा कानुनी सुधार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"विभिन्न सरकारी निकायसँग रहेको बेरुजुको अवस्थाको विषयमा समितिको आजको बैठकमा जानकारी लिएका छौँ", उहाँले भन्नुभयो, "सरोकारवाला निकायबाट आएका बेरुजुको समस्याको विषयमा घनिभूत छलफल गरेर बेरुजु न्यूनीकरणका लागि प्रभावकारी गृहकार्य गरेर घटाउनेतर्फ अग्रसर हुनेछौँ ।"

त्यस अवसरमा नेपाली सेनाका सेनापति अशोकराज सिग्देलले नेपाली सेनाले चालु आर्थिक वर्षमा बाँकी रहेको बेरुजुमध्ये ६० प्रतिशत फछ्र्यौट गर्ने लक्ष्य राखेकोमा हालसम्म पनि ११ प्रतिशत मात्रै पूरा भएको बताउनुभयो ।

"नेपाली सेनाअन्तर्गत वर्षौंदेखि विभिन्न शीर्षक र क्षेत्रगतअन्तर्गत रहँदै आएको रु. पाँच अर्ब ३० करोड बढीको बेरुजु रहेको छ", उहाँले भन्नुभयो, "काठमाडौँ-तराई/मधेस द्रुतमार्गअन्तर्गत भएको बेरुजु फछ्र्यौटमा केही प्राविधिक उल्झन छ । बाँकी रहेका बेरुजुलाई आवश्यक प्रक्रिया पूरा गरेर टुङ्गो लगाउने प्रयत्न गरिरहेका छौँ ।" उहाँले चालु आवको असार मसान्तसम्म करिब १५ प्रतिशत बेरुजु फछ्र्यौट गर्ने लक्ष्य राखेको बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले साविकको कृषि मन्त्रालयतर्फ रु. छ अर्ब ३५ करोड बेरुजु रहेकोमा हालसम्म ४० दशमलव २८ प्रतिशत फछ्र्यौट गरेको बताउनुभयो । उहाँले साविकको वन मन्त्रालयतर्फ पनि रु. ५६ करोड बेरुजु रहेकोमा १६ प्रतिशतमात्रै बेरुजु फछ्र्यौट गरेको बताउनुभयो ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराईले मन्त्रालयअन्तर्गत असुलउपर गर्नुपर्ने बेरुजु रु. दुई सय छ रकम मात्रै रहेको बताउनुभयो । "कानुन मन्त्रालयअन्तर्गत गत आवमा बेरुजु शून्य रहेको छ । यद्यपि अहिले मन्त्रालयसँग अति नै न्यून रकम भएकाले पनि यही आवभित्रै बेरुजु रकम शून्य बनाउनेछौँ ।"

सङ्घीय संसद् सचिवालयका सचिव डा. रोजनाथ पाण्डेले सङ्घीय संसद् सचिवालयको बेरुजु रकम रु. दुई करोड ४० लाख ६१ हजार रहेको उल्लेख गर्दै सांसदहरूको उपचार खर्चमा रकम दाबी गर्ने समय अघिल्लो आर्थिक वर्ष र भुक्तानी चालु आर्थिक वर्षमा हुँदा पनि संसद् सचिवालयसँग बेरुजु देखिएको बताउनुभयो ।

परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले मन्त्रालयअन्तर्गत रहेका विभिन्न निकायसँग रु. तीन अर्ब आठ करोड रकम बेरुजु रहेको उल्लेख गर्दै चालु आवको अन्त्यसम्म ४३ प्रतिशत बेरुजु रकम फछ्र्यौट गर्ने योजना रहेको बताउनुभयो । "मन्त्रालय मातहतका निकायसँग रहेको बेरुजु अहिलेसम्म ३० प्रतिशत फछ्र्यौट भइसकेको छ", उहाँले भन्नुभयो ।

सर्वोच्च अदालतका रजिष्ट्रार भद्रकाली पोखरेलले सर्वोच्च अदालत मातहतमा रहेका बेरुजु रकम फछ्र्यौट गर्नका लागि आवश्यक कार्ययोजना अघि बढाएको जानकारी दिनुभयो । युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा. दीपक काफ्लेले मन्त्रालय मातहत रु. ९९ करोड बेरुजु रहेकोमा २२ प्रतिशत फछ्र्यौट गरेको जानकारी दिनुभयो ।

"मन्त्रालय मातहत रहेको वैदेशिक रोजगार बोर्ड मातहतमा मात्रै करिब ५५ करोडभन्दा धेरै बेरुजु छ", उहाँले भन्नुभयो, "मन्त्रालय मातहतको सिनियर म्यानेजमेन्ट टिमको बैठकमार्फत बेरुजु फछ्र्यौटको विषयमा नियमित छलफल गर्दै आइरहेका छौँ ।"

विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिव प्रमिला बज्राचार्यले साविकको विज्ञान प्रविधि मन्त्रालय मातहत करिब रु. १७ करोड ९३ हजार बेरुजु रहेको बताउनुभयो ।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले मन्त्रालय मातहत विभिन्न शीर्षकमा रु. ३० अर्ब २९ करोड रकम बेरुजु रहेकामा पाँच दशमलव ६४ प्रतिशत अर्थात् रु. एक अर्ब ६५ करोड फछ्र्यौट भएको बताउनुभयो । उहाँले मन्त्रालय मातहत सबैभन्दा धेरै बेरुजु भने दूरसञ्जार प्राधिकरण मातहत भने रु. १६ अर्बभन्दा धेरै रहेको उल्लेख गर्नुभयो ।

रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले मन्त्रालय मातहत रहेको बेरुजु चालु आवमा करिब ३० प्रतिशत फछ्र्यौट गर्ने लक्ष्य राखेको बताउनुभयो । महालेखा परीक्षकको ६३औँ प्रतिवेदनअनुसार रु. सात खर्ब ५५ अर्ब १७ करोड बेरुजु छ । *(रासस)*

# विश्व बालश्रमविरुद्ध दिवस: बालश्रम अन्त्यको लक्ष्य अझै टाढा

काठमाडौँ, २९ जेठ । बालश्रमको विश्वव्यापी समस्या तथा यसको अन्त्यका लागि आवश्यक प्रयासबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ शुक्रबार विश्वका विभिन्न देशमा विविध कार्यक्रमका साथ विश्व बालश्रमविरुद्ध दिवस मनाइँदै छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को आह्वानमा सन् २००२ देखि प्रत्येक वर्ष जुन १२ मा यो दिवस मनाउन प्रारम्भ भएको हो ।

बालश्रम अन्त्यका लागि विगत दुई दशकमा उल्लेखनीय प्रगति भए पनि हालको गति पर्याप्त नभएको र सन् २०२५ सम्मको बालश्रम उन्मूलन गर्ने विश्वव्यापी लक्ष्य पूरा हुन नसकेको आइएलओले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) र आइएलओका अनुसार सन् २००० मा विश्वभर २४ करोड ६० लाख बालबालिका बालश्रममा संलग्न रहेकामा उक्त सङ्ख्या घटेर हाल १३ करोड ८० लाखमा झरेको छ । यद्यपि बालश्रम अन्त्यका लागि भएको प्रगतिको वर्तमान दर अत्यन्त सुस्त रहेकाले आगामी पाँच वर्षभित्र यो समस्या अन्त्य गर्न हालको भन्दा ११ गुणा तीव्र गतिमा काम गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

विश्वमा बालश्रमको सबैभन्दा ठुलो भार अफ्रिकाले वहन गरिरहेको छ । उक्त क्षेत्रमा विश्वका कुल बालश्रमिकमध्ये झण्डै दुईतिहाइअर्थात् करिब आठ करोड ७० लाख बालबालिका बालश्रममा संलग्न छन् । त्यहाँ बालश्रमको दर २४ प्रतिशतबाट २२ प्रतिशतमा झरे पनि जनसङ्ख्या वृद्धि, निरन्तर तथा नयाँ द्वन्द्व, चरम गरिबी र कमजोर सामाजिक सुरक्षा प्रणालीका कारण प्रभावित बालबालिकाको कूल सङ्ख्यामा उल्लेखनीय कमी आउन सकेको छैन ।

एसिया तथा प्रशान्त क्षेत्रमा भने सन् २०२० यता सबैभन्दा ठुलो सुधार देखिएको छ । यस अवधिमा बालश्रमको दर छ प्रतिशतबाट तीन प्रतिशतमा झरेको छ भने बालश्रममा संलग्न बालबालिकाको सङ्ख्या चार करोड ९० लाखबाट घटेर दुई करोड ८० लाखमा पुगेको छ । ल्याटिन अमेरिका तथा क्यारिबियन क्षेत्रमा बालश्रमको दर स्थिर रहे पनि प्रभावित बालबालिकाको सङ्ख्या ८० लाखबाट घटेर करिब ७० लाखमा झरेको युनिसेफको प्रतिवेदनमा उल्लेख छ ।

उक्त प्रतिवेदनअनुसार कृषि क्षेत्र बालश्रमको सबैभन्दा ठुलो केन्द्र बनेको छ, जहाँ कूल बालश्रममध्ये ६१ प्रतिशत बालबालिका संलग्न छन् । सेवा क्षेत्रमा २७ प्रतिशत बालबालिका कार्यरत छन्, जसमा घरेलु कामकाज तथा बजारमा सामान बिक्रीजस्ता गतिविधि पर्छन् । उद्योग क्षेत्रमा १३ प्रतिशत बालबालिका कार्यरत छन्, जसमा खानी तथा उत्पादनमूलक उद्योगसमेत समावेश छन् ।

बालश्रम अन्त्यको अभियानलाई तीव्र बनाउन युनिसेफ र आइएलओले सरकारहरूलाई जोखिममा रहेका परिवारका लागि सामाजिक सुरक्षा तथा बालभत्ताजस्ता कार्यक्रम विस्तार गर्न, बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउन, गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न, युवा तथा वयस्कका लागि मर्यादित रोजगारी सिर्जना गर्न तथा श्रम कानुनको प्रभावकारी कार्यान्वयन गर्दै आपूर्ति शृङ्खलामा हुने बालशोषण रोक्न आग्रह गरेका छन् ।

बालश्रमले बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र समग्र विकासमा गम्भीर असर पार्ने भएकाले यसको अन्त्यका लागि सरकार, निजी क्षेत्र, समुदाय तथा अन्तर्राष्ट्रिय साझेदारबिचको सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ । *(रासस)*

**। सम्पादकीय ।**

# सरकारी विज्ञापन निषेधको प्रावधान खारेज गर्नुपर्छ

सञ्चारको युगमा सरकारले सञ्चार क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने हो; सञ्चार क्षेत्रको विकास र विस्तारमा सहयोग गर्नुपर्ने हो । देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, कालाबजारी, हिंसात्मक घटना, मानव बेचबिखन आदिको विरोध गर्ने, जनतासमक्ष जानकारी दिने र खबरदारी गर्ने क्षेत्र भनेकै सञ्चार क्षेत्र हो । त्यस्तो पोल खोलेर सतर्कता अपनाउने, खबरदारी गर्ने काम सरकारी सञ्चार क्षेत्रले खासै गरेको पाइँदैन । देशमा सुशासन र विधिको शासनको लागि निरन्तर आवाज उठाइरहेको निजी क्षेत्रको सञ्चारलाई सरकारले कुण्ठित गर्दै प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत काम गरेको छ । त्यो हो, निजी सञ्चार क्षेत्रमा सरकारले गरेको सरकारी विज्ञापन निषेध ।

रास्वपाको नेतृत्वमा बनेको सरकारले विज्ञापन क्षेत्रमा भ्रष्टाचार र दुरूपयोग भयो भनी विज्ञापन छापेबापत निजी सञ्चारले पाउँदै आएको सरकारी लोककल्याणकारी विज्ञापनमा निषेध गर्ने निर्णय गरेको थियो । यो श्रमजीवी पत्रकारितामाथि लगाइएको आर्थिक नाकाबन्दी हो । यो श्रमजीवी पत्रकारहरूको जिउने आधार खोस्ने नीति हो । सरकारले निजी सञ्चार क्षेत्रमा सरकारी विज्ञापन छाप्न निषेध गरेलगत्तै पत्रकार महासङ्घलगायत विभिन्न निजी सञ्चार क्षेत्रले विरोध गर्दै उक्त निर्णय खारेजीको माग गरेका थिए । सरकारी सञ्चार क्षेत्र या पत्रकारिताले देशमा भइरहेको भ्रष्टाचार, अनियमितता, हत्या हिंसाको खासै विरोध गर्दैन । उनीहरूमाथि कारबाही हुनुपर्छ भन्ने माग र खबरदारी गर्ने काममा निजी सञ्चार क्षेत्र अझ आस्थाको पत्रकारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

सरकारी विज्ञापन छाप्न निषेध गरिएको सरकारी निर्णयले पत्रकारिता सञ्चालनमा समस्या देखिएको छ । कहीं कतै भएको काममा भ्रष्टाचार र अनियमितता भयो भने सोको रोग या कमजोरी पत्ता लगाउने हो; कमजोरी पत्ता लगाएर कारबाही गर्ने हो । विज्ञापनमा दुरूपयोग भएको हुनसक्छ । त्यो दुरूपयोग हटाउने नाउँमा विज्ञापनमा नै रोक लगाउनु पत्रकारितामाथिको घात हो । सरकारी उद्योग तथा कलकारखाना घाटा भएको निहुँमा सरकारले उद्योग नै बन्द गर्ने होइन । बरू, सरकारले के कारणले घाटा भयो या डुब्यो सोको पहिचान गरी दोषीमाथि कारबाही गर्ने हो । विज्ञापनको दुरूपयोग सबै पत्रिकाले गरेका हुँदैनन् । कुनै पत्रिका या व्यवस्थापनले गरेको कमजोरी या अनियमितताको दोष सबै पत्रिकालाई दिनु उपयुक्त होइन । जो जसले त्रुटि या गल्ती गरेको हो, उनीहरूमाथि कारबाहीको प्रक्रिया अघि बढाउने हो । कुनै पक्षले गरेको गल्तीको सजाय सबैलाई दिन मिल्दैन, दिनु हुँदैन ।

निजी सञ्चार क्षेत्रमा लामो समयसम्म काम गरेर चर्चा पाएका रवि लामिछाने हाल रास्वपाका सभापति हुन् । सञ्चार जगत्मा काम गरेर उनी उपप्रधान र गृहमन्त्रीसमेत भए । आज उनकै नेतृत्वमा सरकार छ । उनकै पार्टीको रहेको सरकारले सरकारी विज्ञापन रोकेर निजी सञ्चार क्षेत्रमा घाँटी निमोठ्ने काम गरेको छ । अहिले पनि रास्वपा सभापति सञ्चार क्षेत्रमै कार्यरत भएका भए सरकारी विज्ञापनमा रोक लगाउँदा के उनी चुप लागेर बस्लान् ? श्रमजीवी पत्रकारिता गर्ने पत्रकारहरूको जीवनमा नै आघात पार्ने या कमजोर बनाउने काम रास्वपा र पार्टी सभापति लामिछानेको निम्ति सुहाउँदैन । सरकारी सूचना तथा विज्ञापनमा कुनै एजेन्सी र कर्मचारीको भागबन्डा हुन्छ भने त्यस्तो कार्यको कडाइका साथ कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ । त्यसलाई रोक्ने काम सरकारको हो । कहीँ भ्रष्टाचार या चुहावट भइरहेको छ भने त्यसको छानबिन गर्ने र छानबिनले दोषी ठहरे कारबाही गर्ने काम सरकारको हो । कहीँ कतै मिलेमतोमा र अनियमित काम भइरहेको छ भने त्यसको लेखाजोखा गर्नुपर्छ । सरकारले पत्रकारिता क्षेत्रलाई कमजोर बनाउनु हुँदैन । सञ्चार क्षेत्रलाई व्यापक नबनाई सङ्कुचित बनाउने काम भयो भने सरकार पनि कमजोर हुन्छ । यसकारण, सरकारले निजी क्षेत्रलाई दिँदै आएको सरकारी विज्ञापनमा निरन्तरता दिनुपर्छ र निरन्तरता दिन सरकारी निर्णय खारेज गर्नुपर्छ ।

सरकारले विगतमा नियमित सञ्चालन भएका विभिन्न पत्रिकालाई सरकारी विज्ञापन दिँदै आएको हो; सरकारी विज्ञापन छापेबापत पत्रिकाको वर्गीकरणअनुसार आर्थिक सहयोग पत्रिकाले पाउँदै आएको हो । सरकारी विज्ञापनबापत पत्रिका सञ्चालनमा केही राहत भएको पनि हो । सरकारी विज्ञापनमा निषेध गरेपछि पत्रिका नियमित सञ्चालन गर्न र पत्रकारहरूलाई पाल्न धौ धौ हुन थालेको छ । श्रमजीवी पत्रकार र आस्थाको पत्रिकामा परेको यो समस्या सरकारले बुझ्नुपर्छ र बुझेर निकास खोज्नुपर्छ । यसको निम्ति सरकारले रोकेको सरकारी विज्ञापन खारेज गरेर पहिलेझैँ खुला गर्नुपर्छ । श्रमजीवी पत्रकार र आस्थाको पत्रिकाको मूल्य र मान्यतामा आँच पुग्ने खालको काम सरकारले गर्नु मनासिब हुँदैन ।

# क्युवाको पुनः कब्जा

✍ **जफारी एस. एलेन**

*(एउटा अभियोग, सर्वोच्च अदालतको फैसला र क्यारिबियन सागरमा एउटा ऐरक्राफ्ट क्यारियर : वाशिङटनले क्युवा पुनः प्राप्तिको लागि पुराना जफत गर्ने दाबीहरूलाई कानुनी संयन्त्रमा रूपान्तरण गर्दै छ ।)*

१९६० मा क्युवाले अमेरिकी मालिकहरूबाट आफ्नो बन्दरगाह, चिनी र शक्ति फिर्ता लियो । गत मे महिनामा, वाशिङटनले त्यसलाई फिर्ता लिन कदम चाल्यो : वाशिङटनले राउल क्यास्ट्रोलाई १९९६ को 'ब्रदर्स टु द रेस्क्यु' विमान खसालेको (Brothers to the Rescue Shootdown) अभियोग लगायो, क्यारिबियनमा ऐरक्राफ्ट क्यारियर पठायो र जफत गरिएको सम्पत्तिमाथिको दाबीको लागि सर्वोच्च अदालतको समर्थन जित्यो । यो कदम कामचलाउ बनाइएको होइन । यो अभियान अस्तव्यस्त देखिन्छ, वर्तमान अमेरिकी शासनको धेरैजसो तमाशाजस्तै, तर यसको प्रभाव त्यस्तो छैन ।

यो अभिसरणको पछाडि पुरानो संयन्त्र लुकेको छ । आइजेनहावरको पालामा सुरु भएको र केनेडीको कार्यकालमा कडा पारिएको अमेरिकी नाकाबन्दी, आज जीवित धेरैजसो क्युवालीहरूभन्दा पुरानो भइसक्यो । १९९६ देखि लागू भएको अमेरिकी कानुन, हेल्म्स-बर्टन ऐनले अमेरिकी नागरिकहरूलाई क्युवाले अमेरिकीहरूबाट जफत भएको सम्पत्ति प्रयोग गर्ने कुनै पनि कम्पनीलाई मुद्दा हाल्न अनुमति दिन्छ, चाहे त्यो कम्पनी क्युवामा डक् गर्छ, जहाजमा ढुवानी गर्छ वा निर्माण गर्छ । ती अमेरिकीहरू प्रायः अमेरिकी निगमहरू र निर्वासनमा अमेरिकी बनेका क्रियोल परिवारहरू थिए । १९६० को दशकदेखि विदेशी दाबी निपटान आयोगले आफ्ना ५,९१३ प्रमाणित दाबी राखेको छ, जसको मूल्य १.९ अर्ब डलर सावाँ र लगभग ९ अर्ब ब्याजसहित रहेको छ । पर्खिरहेको छ । नयाँ कुरा डिजाइन होइन तर यसको गति हो, कब्जा, र पुनः कब्जा ।

हालै पुनः कब्जाको गति तीव्र भएको छ : जनवरी ३, २०२६ मा, अमेरिकी सेनाले भेनेजुयलाका राष्ट्रपतिलाई कराकसमा बिहानै गरिएको आक्रमणमा कब्जा गर्‍यो र सोही अपरेसनमा ३२ क्युवाली अधिकारीहरूलाई मारे । उक्त आक्रमणले क्युवाको जीवनरेखामध्ये एक : भेनेजुयलाको तेल काट्यो । मेक्सिकोले अभाव पूर्ति गर्न खोज्यो, तर केही हप्ताभित्रै, वाशिङटनले क्युवालाई आपूर्ति गर्ने कुनै पनि देशमा कर (Tariff) लगाउने धम्की दिएपछि ढुवानी रोक्यो । मे महिनासम्ममा, हवानाका केही भागहरू दिनको २० घण्टासम्म अँध्यारो ( लोडसेडिङ) हुन थाले । अब ट्रम्प भन्छन्, इरानको समस्या समाधान भएपछि अमेरिकाले लादेको शासन परिवर्तनको अर्को देश क्युवा हुनेछ ।

"हामी जिउँदै मरिरहेका छौँ," एक क्युवाली टेलिभिजन निर्देशकले गत हप्ता भने । तैपनि, नाकाबन्दी समान रूपमा वहन गरिएको छैन । मैले १९९८ मा क्युवामा मैले सुरु गरेको अनुसन्धान, जुन 'भेन्सेरेमोस' (के हामी जित्छौँ ?) बन्यो; त्यसमा अर्थतन्त्र ध्वस्त हुँदा र ग्रिड ध्वस्त हुँदा सबैभन्दा बढी धक्का कसले बेहोर्छ भनेर देखाइएको छ : मियामी (अमेरिका) बाट रेमिट्यान्स पाएका परिवारहरू होइनन्, न त सम्पत्ति फिर्ता पाउनका लागि आफ्नो समय बिताउँदै गरेका सम्भ्रान्तहरू । इन्जिनियर गरिएको भोकमरीले आफ्नै राजनीति उत्पादन गर्छ, र नाकाबन्दीले 'उद्धार' को माग उत्पादन गर्छ । जब हवानाका जनसङ्ख्याविद् हुआन कार्लोस अल्बिजु-क्याम्पोस एस्पिनेराले 'हिंसाबाट जनसङ्ख्यालाई जोगाउन', 'अन्तर्राष्ट्रिय मानवीय हस्तक्षेप' र 'अन्तर्राष्ट्रिय शक्तिहरू' को लागि आह्वान गर्छन्, उनी त्यो आपत्कालको कोणबाट बोलिरहेका हुन्, अमेरिकी आक्रमणलाई निम्तो दिइरहेका होइनन् । तर, जबरजस्ती हस्तक्षेप नगरी राहत दिन वाशिङटन र मियामीले निरन्तर अस्वीकार गर्दै आएका छन् ।

बरु, मे २० का दिन क्युवाली स्वतन्त्रता दिवसमा, न्याय विभागले १९९६ मा निर्वासित-बोकेको दुई विमान खसालेकोमा ९४ वर्षीय राउल क्यास्ट्रोलाई अभियोग लगायो । अभियोगपत्रमा घटनाको ३० वर्षपछि एक पूर्वराष्ट्रप्रमुखको नाम राखिएको छ र वाशिङटनले यसलाई घोषणा गर्न मियामीको फ्रिडम टावरलाई रोजेको थियो : जून १९६० दशकदेखिको क्युवाली निर्वासनको प्रतीकात्मक प्रवेशद्वार हो । सुपुर्दगीको बारेमा सोध्दा, कार्यवाहक महान्यायाधिवक्ता टोड ब्लान्चले क्यास्ट्रो आफ्नै इच्छाले वा अन्य कुनै माध्यमबाट आउने बताए । तरिका सुपरिचित छ : लुमुम्बा, बिशप, एरिस्टाइड ... अर्को तरिका भनेको मादुरोको लागि कराकसमा भर्खरै प्रयोग गरिएको शैली हो ।

यो अभियोग लगाउने विमान-काण्ड १९९६ मा भएको थियो, तर अमेरिकाको पुरानो गुनासो भनेको क्षेत्राधिकारबारे हो । ६० वर्षसम्म, क्युवाले अभियोगमा उल्लेख गरिएको एउटा कुरालाई अस्वीकार गर्‍यो : कि अमेरिकी अदालत क्युवामा पुग्न सक्छ । क्युवाले नेहान्डा अबिओडुन र असाता शाकुरलगायत वाशिङटनले खोजेको अश्वेत मुक्ति अभियन्ताहरूलाई आश्रय दियो र उनीहरूको फिर्ताको हरेक माग र हरेक इनामलाई मौनताको जवाफ दियो । वाशिङटनले फिर्ता चाहेको कुरा कहिल्यै पनि सम्पत्ति मात्र थिएन; यो त्यस्तो राज्यको समर्पण हो जसले दुई पुस्तादेखि क्युवाली टापुमा अमेरिकी कानुनको प्रभुत्व रहेको कुरा अस्वीकार गर्दै आएको छ ।

अभियोग लगाइएको भोलिपल्टै, अमेरिकी सर्वोच्च अदालतले पुनः कब्जा कानुन बनायो । हवाना डक्स कर्पविरुद्ध रोयल क्यारिबियन क्रूज मुद्दामा, आठ न्यायाधीशले २०१६ देखि २०१९ सम्म हवानाको बन्दरगाह प्रयोग गर्ने क्रूज लाइनहरूले जफत गरिएको सम्पत्तिको तस्करी गरेको ठहर गरे र उनीहरूले तिर्नुपर्ने रकमको बारेमा थप कारबाहीको लागि मुद्दा फिर्ता पठाए । न्यायाधीश थोमसले निर्णय लेखे । न्यायाधीश कागानले एक्लै असहमति जनाए । न्यायाधीश सोटोमायर, न्यायाधीश काभानासँगै, सहमत भए । यद्यपि, उनले चेतावनी दिइन् कि यसले सम्भावित रूपमा असीमित सङ्ख्यामा मानिसहरूबाट असीमित रकम असुलीलाई इजाजतपत्र दिन सक्छ ।

पुनर्प्राप्तिको त्यो खोजी यसको आधारमा जातीय रूपमा संरचित छ । सन् १९५९ मा क्युवामा कसको सम्पत्ति थियो जुन क्रान्तिले राष्ट्रियकरण गर्न सक्थ्यो ? अमेरिकी निगमहरू र क्युवाली क्रियोल वर्ग । १९६० सम्ममा, अमेरिकी कम्पनीहरूले क्युवाको ९० प्रतिशत बिजुली उत्पादन, यसको टेलिफोन प्रणाली र यसको अधिकांश खानी र चिनीको स्वामित्व वा नियन्त्रण गर्थे । विदेशी दाबी निपटान आयोगको प्रमाणित दाबीहरूले पूर्व-क्रान्तिकारी पुँजीको जातीय-वर्ग संरचनालाई प्रतिबिम्बित गर्‍यो । तिनीहरूभन्दा पर संरचनात्मक रूपमा गोरा क्रियोल निर्वासित समुदायले राखेका काम र पदवीहरूको विशाल ब्रह्माण्ड छ । रुबियो, डियाज-बालार्ट, सालाजार र जिमेनेजलगायत फ्लोरिडा क्युवाली-अमेरिकी कङ्ग्रेसनल प्रतिनिधिमण्डलले यसलाई आफ्नो परियोजना बनाएको छ, जुन कानुनी संयन्त्र निर्माणको लागि ६६ वर्ष पर्खिरहेको निर्वाचन क्षेत्रको विधायी शाखा हो । अश्वेत क्युवालीहरू, जसको अस्वतन्त्र र अर्ध-मुक्त श्रमले डकहरू, चिनी मिलहरू र बन्दरगाहहरू बनाएका थिए, उनीहरूले बनाएको सम्पत्तिमाथि कुनै प्रमाणित दाबी गर्दैनन् ।

मेरो पुस्तक 'भेन्सेरेमोस ? : द इरोटिक्स अफ ब्ल्याक सेल्फ-मेकिङ इन क्युवा' मा, मैले क्युवाको पर्यटन अर्थतन्त्रमार्फत यो जातीय भूगोल पत्ता लगाएँ : १९५९ अघिको प्लेजर कोलोनीदेखि सोभियत सङ्घ विघटनपछिको विशेष अवधिसम्म, जब पर्यटन फर्कियो र यसको बोझ फेरि असमान रूपमा घट्यो । २०१६ देखि २०१९ सम्मको क्रूज अर्थतन्त्र चक्रको तेस्रो मोड थियो । यो फैसलाले चौथो, ( होइ कोमो अयर) वर्तमानलाई जस्तै विगतलाई पनि अनुमति दिन्छ, जुन अब सङ्घीय कानुनद्वारा सुरक्षित छ ।




अमेरिकी पाठकहरूले यस अदालतको कामलाई मान्यता दिनेछन् : सम्पत्ति कानुनको तटस्थ भाषामा नागरिक अधिकार पूर्वको जातीय-आर्थिक व्यवस्था पुनर्स्थापित गर्ने । शेल्बी काउन्टीविरुद्ध होल्डर (२०१३) ले १९६५ को मतदान अधिकार ऐनको धारा ५ लाई नष्ट गर्‍यो, र दोस्रो पुनर्निर्माणको नागरिक अधिकारका लाभ फिर्ता खोस्ने न्यायिक परियोजना त्यसबेलादेखि स्थिर छ । न्यायाधीश थोमसले शेल्बी काउन्टीमा र हवाना निर्णयमा सहमति लेखे । यो त्यही हात हो जसले २० औं शताब्दीका पुनर्वितरणकारी हस्तक्षेपहरूलाई सम्पत्ति उल्लङ्घन वा संवैधानिक विसङ्गतिको रूपमा व्यवहार गरेर उल्ट्याएको छ । हवाना डक्स अन्तर्राष्ट्रिय अनुप्रयोग हो ।

जनसङ्ख्याविद्ले अन्तर्राष्ट्रिय मानवीय हस्तक्षेपको लागि आग्रह गरे । तर, के आउँदै छ त्यसमा केही 'मानवीय' हुने छैन । डक्सको फैसला आएको भोलिपल्टै युएसएस निमित्ज क्यारियर र यसको स्ट्राइक समूह क्यारिबियन सागरमा प्रवेश गरे र केही दिनपछि, अमेरिकी दक्षिणी कमान्डका प्रमुखले ग्वान्टानामोको किनारमा क्युवाली जनरलहरूलाई भेटे । काराकस नाटक चलिरहेको छ, तर भेनेजुयला भेनेजुयला नै हो र क्युवा क्युवा नै हो । क्युवाको राष्ट्रिय नागरिक रक्षा जनरल स्टाफले क्युवाली परिवारहरूलाई (अमेरिकी) बमबारीका लागि निर्देशनहरू दिइरहेको छ । क्युवाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले अकल्पनीय परिणामसहितको रक्तपातको चेतावनी दिएका छन् । यसको अर्थ क्युवाली रगत जति बग्छ, उति नै अरूको पनि बग्नेछ । क्युवा चुपचाप अमेरिकी कब्जामा जाने उद्देश्य राख्दैन ।

***- 'अलजजिरा' बाट***

पुस्तक समीक्षा

# चिनियाँ आधुनिकीकरण देखाउने एउटा पुस्तक

चेतनाथ आचार्य

चिनियाँ आधुनिकीकरणका बारेमा चासो राख्ने र बुझ्न चाहने जो सुकैका लागि ताई मुछाईको पुस्तक 'चिनियाँ आधुनिकीकरण : एउटा नयाँ बाटो' राम्रो स्रोत हो । सन् २०२४ मा यो पुस्तक चीनको विदेशी भाषा छापाखानाबाट प्रकाशित भएको हो ।

यस पुस्तकलाई चीन सरकारले चौधौँ पञ्चवर्षीय योजनाअन्तर्गत राष्ट्रिय प्रमुख प्रकाशन परियोजनाका रूपमा सूचिबद्ध गरेको थियो । पहिले चिनियाँ भाषामा प्रकाशित यो पुस्तक पछि अङ्ग्रेजी, फ्रान्सेली, स्पेनी, पोर्तुगालीलगायत धेरै भाषामा अनुवाद गरिएको छ ।

यो पुस्तकका लेखक प्रख्यात चिनियाँ प्राध्यापक ताई मुछाई हुन् । दर्जनौँ गहकिला कृति र सयौँको सङ्ख्यामा लेखहरू प्रकाशित गरेका उनी सन् १९६५ जुलाईमा च्याङ्सी प्रान्तको चियान सहरमा जन्मिएका हुन् । ताई मुछाई हाल छिङ्हुआ विश्वविद्यालयको मार्क्सवाद स्कूलका प्राध्यापक तथा डक्टरेट सुपरभाइजर हुन् ।

च्याङ्सी सामान्य विश्वविद्यालयबाट राजनीति शिक्षा कानुनमा स्नातक गरेका उनले हुनान सामान्य विश्वविद्यालयबाट दर्शनशास्त्रमा पीएचडी गरेका छन् । उनले चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय पार्टी स्कूलमा सन् २००१ देखि २००६ सम्म काम गरेका छन् भने सन् २००६ देखि २०१६ सम्म केन्द्रीय प्रचार विभागमा काम गरेका छन् । सन् २०१६ पछि उनी छिङ्हुआ विश्वविद्यालयमा आबद्ध भएका हुन् ।

चिनियाँ समाज र राजनीतिमा प्रगाढ सम्बन्ध राख्दै नजिकबाट काम गरेका ताई मुछाईको यो कृति यस अर्थमा पनि महत्त्वपूर्ण छ । यसले चीनको विकास र आधुनिकता बुझ्नका लागि पाठकलाई सहज बनाउँछ ।

यस पुस्तकले पाँच हजार वर्ष पुरानो सभ्यता बोकेको चीनमा समाजवादी आधुनिकीकरण कसरी निर्माण गर्ने भन्ने मौलिक प्रश्नको उत्तर दिन्छ । पुस्तकमा ६ च्याप्टर रहेका छन् । विश्वव्यापी सन्दर्भमा चिनियाँ आधुनिकीकरण, मानव इतिहासमा अभूतपूर्व आधुनिकीकरण बाटो, चिनियाँ आधुनिकीकरणको मौलिकता, चिनियाँ आधुनिकीकरण र यसका विश्वव्यापी विशेषताहरू, चिनियाँ आधुनिकीकरणको अद्वितीय अर्थ र प्राचीन पूर्वी सभ्यताको आधुनिकीकरण र यसको विश्वव्यापी प्रभाव च्याप्टरका शीर्षकहरू हुन् ।

पहिलो च्याप्टरमा विश्वव्यापी आधुनिकीकरणको तेस्रो लहर, तीनवटै औद्योगिक क्रान्तिमा चीनको अनुपस्थिति, चिनियाँ राष्ट्रको महान् सपनालगायतका विषयमा चर्चा गरिएको छ ।

दोस्रो च्याप्टरमा नयाँ जनवादी क्रान्तिको समयमा औद्योगिकीकरणको प्रस्ताव, समाजवादी निर्माणमा 'चार आधुनिकीकरण' (कृषि, उद्योग, राष्ट्रिय प्रतिरक्षा र विज्ञान तथा प्रविधि), १९७८ पछिको सुधार र खुलापनको युगको क्रमशः चर्चा छ ।

तेस्रो च्याप्टरमा विचार बौद्धिक स्वतन्त्रता र आधुनिक सोच, समाजवादी बजार अर्थ व्यवस्था, जनकेन्द्रित विकास दर्शन, शासन प्रणाली र क्षमताको आधुनिकीकरणजस्ता विषयलाई उपशीर्षकमा राखेर वर्णन गरिएको छ ।

चौथो च्याप्टरमा आधुनिकीकरण भनेको पश्चिमीकरण होइन भन्ने शीर्षकमा एउटा लेख छ । वास्तवमा पुस्तकको चुरो नै यही लेख हो । यसबाहेक विश्वव्यापी आधुनिकीकरणको विविधताका बारेमा निकै सटिक ढङ्गले दर्शाइएको छ ।

पाँचौँ च्याप्टरमा ठुलो जनसङ्ख्याको आधुनिकीकरण, साझा समृद्धिको आधुनिकीकरण, भौतिक र आध्यात्मिक सभ्यताको सामञ्जस्य, मानव र प्रकृतिबिचको सद्भाव र शान्तिपूर्ण विकासको बाटो उपशीर्षकमा वर्णन गरिएको छ ।

पुस्तकको अन्तिम च्याप्टर अर्थात् छैटौँ च्याप्टरमा पाँच हजार वर्ष पुरानो सभ्यता, कृषि र ग्रामीण जनजीवनमा आधारित आधुनिकीकरण, विकासका लागि साँचो आधुनिकीकरण, चिनियाँ बाटो आदि विषयमा चर्चा गरिएको छ ।

लेखक ताई मुछाईका अनुसार, चिनियाँ आधुनिकीकरणको सफलताको मुख्य कारण यथार्थबाट अगाडि बढ्ने नीति र अभ्यास नै सत्यको एक मात्र कसौटी हो भन्ने सिद्धान्तको पुनर्स्थापना हो । १९७८ पछिको सुधार र खुलापनको नीति यसको महत्त्वपूर्ण आधार हो ।

चिनियाँ आधुनिकीकरणले मार्क्सवादलाई चिनियाँ परिस्थिति अनुकूल बनाउने र परम्परागत चिनियाँ संस्कृतिसँग एकीकृत गर्ने काम गरेको छ । यो बाटोले १ अर्ब ४० करोड जनसङ्ख्याका लागि साझा समृद्धिको मार्गप्रशस्त गरेको छ ।

चिनियाँ आधुनिकीकरण मानव इतिहासको सबैभन्दा भव्य स्तरको र अद्वितीय नवप्रवर्तन हो भनेर चिनियाँहरू दाबी गर्छन् । यसले विकासशील देशहरूको आधुनिकीकरणका लागि एउटा नयाँ नमुना सिर्जना गरेको छ । यसले पश्चिमी आधुनिकीकरणको एकाधिकारलाई चुनौती दिँदै 'आधुनिकीकरण भनेको पश्चिमीकरण हो' भन्ने धारणालाई पनि तोडेको छ ।


तपाईं हामी सबैमा आधुनिकीकरण भनेकै पश्चिमाकरण हो भन्ने भ्रम अद्यापि छँदैछ । हामीमा यो भ्रम हुनुको मुख्यकारण पश्चिमा मुलुकले हामीमाथि थोपरेको भार हो । पश्चिमाहरूले आफूलाई आधुनिक र बाँकीलाई पुरातन भन्दै आएका छन् । यो द्वेषपूर्ण भनाइ आरोपलाई खण्डन गर्दै चिनियाँ अध्येताले आधुनिकीकरण भनेको पश्चिमाकरण होइन भनेर कडा टक्कर दिएका छन् । यस पुस्तकको चुरो पनि यही विषय हो भनेर मैले माथि नै उल्लेख गरिसकेको छु ।

पुस्तकको चुरो विषय भएकाले यस विषयमा अन्य सन्दर्भसहित पुस्तकमा भएको विषयको अलिक विस्तारमा चर्चा गर्न योग्य होला ।

'आधुनिकीकरण भनेको पश्चिमीकरण होइन' भन्नुको अर्थ, विश्वमा आधुनिक हुने एउटा मात्र बाटो छैन र त्यो पश्चिमी समाजले अपनाएको बाटो मात्र हो भन्ने सोचाइलाई चुनौती दिनु हो ।

धेरै विकासशील देशहरूमा यो धारणा बलियो थियो । प्रगति, उद्योग, प्रविधि र उच्च जीवनस्तर प्राप्त गर्न पश्चिमी (युरोपेली वा अमेरिकी) मोडेलको नक्कल गर्नुपर्छ । चीनको अनुभवले देखाएको छ - फरक ऐतिहासिक, सांस्कृतिक र राजनीतिक अवस्था भएका मुलुकले आफ्नै तरिकाले आधुनिकता हासिल गर्न सक्छन् ।

पश्चिमी आधुनिकीकरण प्रायः पुँजीवाद, बहुदलीय लोकतन्त्र, व्यक्तिवाद र धर्मनिरपेक्षतासँग जोडिएको छ । चिनियाँ आधुनिकीकरण समाजवादी व्यवस्था, राज्यको महत्त्वपूर्ण भूमिका, साझा समृद्धिमा जोड, सामूहिक हित र परिवारकेन्द्रित मूल्यमा केन्द्रित छ । चिनियाँ आधुनिकीकरणले परम्परागत चिनियाँ दर्शनलाई पनि समावेश गर्छ । जस्तैः- सद्भाव, कर्तव्य, योग्यतामा आधारित शासन र सामूहिक भलाइ । यी पश्चिमी मूल्यभन्दा फरक छन् र यिनले आधुनिक समाजलाई सफलतापूर्वक चलाउन सक्छन् ।




चीनले आफ्नै मोडेलमा आधुनिकीकरण गर्न सकिन्छ भन्ने प्रमाण पेस गरेको छ । ती प्रमाणहरू हुन् : ८० करोड मानिसलाई गरिबीबाट मुक्त गर्नु, विश्वकै ठुलो मध्यम वर्ग खडा गर्नु, उच्च गतिको रेलवे सेवा निर्माण गर्नु, दूर सञ्चारमा फाइभ जीको व्यापक प्रयोग, अन्तरिक्ष प्रविधि, हरित ऊर्जामा अग्रणी, ठुलो जनसङ्ख्याको जीवनस्तरमा अभूतपूर्व सुधार । यस्ता उपलब्धि पश्चिमी राजनीतिक वा आर्थिक प्रणाली नअपनाई हासिल भएका हुन् ।

यो अवधारणाले गरिब वा अल्पविकसित देशहरूलाई पश्चिमाको नक्कल नगरी पनि आधुनिक बन्न सकिन्छ भन्ने प्रेरणा दिन्छ । प्रत्येक देशले आफ्नो परिस्थिति (इतिहास, संस्कृति, जनसङ्ख्या, स्रोत) अनुसारको आफ्नै आधुनिकीकरण बाटो बनाउन सक्छन् ।

चिनियाँ राष्ट्रपतिले प्रजातन्त्र भनेको कोकाकोलाको स्वादजस्तो एउटै हुँदैन भन्ने भनाइलाई बारम्बार दोहोऱ्याउने गर्छन् । त्यस्तै, आधुनिकता पनि एउटै अनुहारको हुँदैन । चीनले आफ्नो सांस्कृतिक पहिचान र समाजवादी व्यवस्था जोगाउँदै, फरक बाटोबाट आधुनिक बन्न सकिन्छ भन्ने उदाहरण दिएको छ । यो विचारले विशेष गरी ती देशहरूलाई प्रभाव पारेको छ जो पश्चिमी नियममा चल्न नचाहने तर आधुनिकता चाहने छन् ।

लेखकले 'प्राचीन पूर्वी सभ्यताको आधुनिकीकरण र यसको विश्वव्यापी प्रभाव' शीर्षकमा चीनजस्तो पाँच हजार वर्ष पुरानो सभ्यता भएको मुलुकले कसरी आधुनिकीकरण हासिल गरेको छ र त्यसको प्रभाव विश्वव्यापी रूपमा के पर्छ भन्ने चर्चा गरेका छन् ।

चिनियाँ सभ्यता विश्वको सबैभन्दा पुरानो, निरन्तर जीवित रहेको सभ्यता हो । पाँच हजार वर्षदेखि चिनियाँ सभ्यताले दर्शन र नैतिकतालाई बोकेको छ । कन्फ्युसियस, मेन्सियस, लाओत्से, चुआङ्चीजस्ता विचारकहरूको दर्शनलाई अहिले पनि चिनियाँले गहन अध्ययन गर्दछन् ।

साढे सात दशकदेखि कम्युनिस्ट शासन अँगालिरहेको चीनमा केन्द्रीकृत शासन, योग्यतामा आधारित कर्मचारीतन्त्र, कृषिप्रधान अर्थतन्त्र, परिवार, कुल, राष्ट्रको हितलाई व्यक्तिभन्दा माथि राख्ने मान्यता हजारौँ वर्ष पुरानो हो । त्यस्तो 'प्राचीन सभ्यता' लाई आधुनिकीकरण गर्नु निकै चुनौतीपूर्ण काम हो । यही कुरालाई पुस्तकले तीन चरणमा उल्लेख गरेको छ ।

पहिलो चरण बहिष्कार र सङ्घर्ष (सन् १८४०-१९४९) हो । यस चरणमा पश्चिमी शक्तिहरूले चीनलाई युद्धमा पराजित गरेपछि चिनियाँहरूले महसुस गरे कि उनीहरूको प्राचीन सभ्यता आधुनिक युद्ध र प्रविधिभन्दा पछाडि छ । यही क्रममा 'चिनियाँ सभ्यता नै समस्या हो, त्यसलाई पूर्ण रूपमा त्यागेर पश्चिमीकरण गर्नुपर्छ' भन्ने बहस पनि सुरु भयो । अन्ततः चीनले आफ्नो सांस्कृतिक जरा नछाडी आधुनिकीकरणको बाटो रोज्यो ।

दोस्रो चरण समाजवादी आधुनिकीकरणको प्रयोग (सन् १९४९-१९७८) हो । यस चरणमा मार्क्सवादलाई चिनियाँ परिस्थितिमा ढाल्ने प्रयास भयो । 'चार आधुनिकीकरण' (कृषि, उद्योग, रक्षा, विज्ञान) को अवधारणा विकास भयो ।

तेस्रो चरणमा सुधार र खुलापनपछिको सफलता (सन् १९७८-वर्तमान) लाई लिइएको छ । यो चरण सबैभन्दा महत्त्वपूर्ण छ । चीनले आफ्नो परम्परागत मूल्य (मेहनत, बचत, शिक्षाप्रति सम्मान, राष्ट्रिय एकता) लाई आधुनिक प्रविधि, बजार अर्थतन्त्र र विश्वव्यापी व्यापारसँग जोडेको छ । फलस्वरूप चीन विश्वको दोस्रो ठुलो अर्थतन्त्र, ठुलो मध्यम वर्ग, प्रविधिमा अग्रणी मुलुक बनेको छ ।

पुस्तकका अनुसार चीनले पश्चिमी एकाधिकार तोडेको छ । आधुनिकीकरण भनेकै पश्चिमाकरण हो भन्ने मान्यतालाई परिवर्तन गराएको छ । गैरपश्चिमी, गैर बहुदलीय राजनीतिक प्रणाली, गैरपुँजीवादी मोडेलले पनि काम गर्छ भन्ने कुरा चीनले प्रमाणित गरेको छ ।

चीनले पश्चिमा आधुनिकीकरणलाई चुनौती दिएर नयाँ मान्यता स्थापित गराएपछि विकासशील देशहरूका लागि नयाँ बाटो खुलेको छ । अब अफ्रिका, एसिया, ल्याटिन अमेरिकाका देशहरूले पश्चिमाको प्रतिलिपि गर्नुपर्छ भन्ने छैन । उनीहरूले आफ्नै संस्कृति, इतिहास र राजनीतिक अवस्थाअनुसारको मोडेल बनाउन सक्छन् ।

यसपछि विश्व अर्थतन्त्रमा पनि परिवर्तन देखिएको छ । चीनको आधुनिकीकरणले विश्व आपूर्ति शृङ्खला, व्यापार मार्ग (बेल्ट एन्ड रोड पहल) र हरित प्रविधिमा ठुलो भूमिका खेलेको छ । चीन अब विश्वको सबैभन्दा ठुलो निर्यातकर्ता र धेरै देशको मुख्य व्यापार साझेदार बनेको छ ।

चिनियाँ भूमिकाले विश्व शासन मोडेलमा नयाँ बहस सिर्जना गरेको छ । केही देशहरूले चीनको 'विकास पहिले, लोकतन्त्र पछि' भन्ने दृष्टिकोणलाई हेरिरहेका छन् । बहुदलीय चुनाव नगरिकन पनि दीर्घकालीन विकास सम्भव छ भन्ने चीनको उदाहरणले पुष्टि गरेको छ ।


यो मोडेलमा पनि चुनौतीहरू रहेका पुस्तकमा स्वीकार गरिएको छ । पहिलो चुनौती वातावरणीय क्षति हो । द्रुत आधुनिकीकरणले प्रदूषण निम्त्याउँछ । चीन अहिले प्रदूषणसँग पौँठेजोरी खेलिरहेको छ । त्यसैगरी, चीनका पूर्वी तटीय क्षेत्र र पश्चिमी ग्रामीण क्षेत्रबिचमा व्यापक असमान विकास वितरण छ । पश्चिमा जगतले बौद्धिक स्वतन्त्रता र मानव अधिकारको प्रश्न उठाउने गरेका छन् । पुस्तकका अनुसार यी समस्याहरू समाधान हुँदै छन् र चीनको बाटो अझै आफ्ना जनताका लागि सबैभन्दा उपयुक्त छ ।

नेपालजस्तो प्राचीन सभ्यता (किराँत, लिच्छवी, मल्लकालदेखि) भएको तर आधुनिकीकरणको खाँचोमा रहेको मुलुकका लागि चीनको यो अनुभव महत्त्वपूर्ण छ । आफ्नो मौलिकता गुमाउनु पर्दैन, आफ्नै बाटो बनाउन सकिन्छ भन्ने प्रेरणा पुस्तकबाट प्राप्त हुन्छ ।

सन् २०२४ मा प्रकाशित यो पुस्तक सरल अङ्ग्रेजी भाषामा छ । २२० पृष्ठको यो पुस्तक चिनियाँ समाजको गहिरो ऐतिहासिक विश्लेषणात्मक दस्तावेज पनि हो । लेखकले चीनको लामो इतिहासलाई आधुनिकीकरणको आँखाले हेरेका छन्, जसले पाठकलाई 'चीन कहाँबाट आयो र कहाँ जाँदै छ' भन्ने स्पष्ट बाटो देखाउँछ ।

यस पुस्तकले चीनको सफलताको प्रशंसा मात्र गरेको छैन, यसका चुनौतीहरू पनि स्वीकार गरेको छ । लेखकले वातावरणीय क्षति, क्षेत्रगत असमानता र बौद्धिक स्वतन्त्रताको प्रश्नलाई पनि छोएका छन् । यसले पुस्तकलाई सन्तुलित र विश्वसनीय बनाएको छ ।







# इरान–अमेरिका सम्झौता अन्योलमा

वासिङ्टन, १२ जून (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निकट दिनमा इरानसँग सम्झौता हुन सक्ने दाबी गर्दै सैन्य आक्रमणको धम्की स्थगित गरिएको बताए पनि तेहरानले भने कुनै अन्तिम निर्णयमा नपुगेको स्पष्ट पारेको छ। मध्यपूर्वमा जारी तनाव अन्त्य गर्ने भनिएको सम्भावित सम्झौताबारे दुवै पक्षका फरक-फरक दाबी सार्वजनिक भइरहेका छन्।

तेहरानस्थित विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले शुक्रबार वार्ता जारी रहे पनि सम्झौतामा अन्तिम निष्कर्षमा नपुगेको बताउनुभयो। उहाँका अनुसार अधिकांश विषयमा सहमति नजिक पुगे पनि अमेरिकी पक्षले नयाँ माग राखेपछि प्रक्रिया अवरुद्ध भएको हो।

राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सम्झौता 'उच्च राजनीतिक तहमा स्वीकृत' भइसकेको दाबी गर्दै इरानमाथि तय गरिएको आक्रमण र बमबारी रोकिएको घोषणा गरेका छन्। उनले हस्ताक्षरको समय र स्थान चाँडै सार्वजनिक गरिने बताउँदै वार्ता सकारात्मक दिशामा अघि बढिरहेको सङ्केत गरे। ट्रम्पको अभिव्यक्तिपछि अन्तर्राष्ट्रिय वित्तीय बजारमा तत्काल प्रभाव देखिएको छ, जसअनुसार सेयर बजारमा वृद्धि र तेलको मूल्यमा गिरावट आएको छ।

सम्भावित सम्झौतामा अमेरिका र क्षेत्रीय सहयोगीहरू, विशेषगरी इजरायल समेत सहभागी रहेको ट्रम्पको दाबी छ। उनका अनुसार वार्ताका मुख्य बुँदा र विस्तृत रूपरेखा सबै पक्षबाट स्वीकृत भइसकेका छन्।

तर, इरानले उक्त दाबी अस्वीकार गर्दै सम्झौता अझै टुङ्गोमा नपुगेको स्पष्ट पारेको छ। तेहरानले अमेरिकी पक्षले बारम्बार अडान परिवर्तन गर्ने गरेको आरोप लगाउँदै वार्ता जटिल बन्दै गएको जनाएको छ। इरानी सञ्चारमाध्यमले ट्रम्पले पछिल्ला महिनामा दर्जनौँपटक सम्झौता नजिक पुगेको दाबी दोहोऱ्याएको उल्लेख गर्दै त्यसप्रति शङ्का व्यक्त गरेका छन्।

क्षेत्रीय कूटनीतिक प्रयास पनि तीव्र बनेको छ। पाकिस्तान र कतारको मध्यस्थतामा ब्याक-च्यानल वार्ता अघि बढिरहेको बताइएको छ भने इजिप्टले पनि दुवै पक्षलाई उपलब्ध अवसरको सदुपयोग गर्न आग्रह गरेको छ।

फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिका-इजरायल संयुक्त आक्रमणपछि सुरु भएको भनिएको युद्ध अप्रिलको युद्धविरामपछि रोकिएको भए पनि स्थायी समाधान अझै नदेखिएको अवस्थामा पछिल्लो कूटनीतिक पहल आएको हो।

तेहरानमा भने नागरिकहरू युद्ध र आर्थिक दबाबले निराश बनेका छन्। एक स्थानीय ३५ वर्षीय फार्मासिस्ट माजिदले दुई देशबिचको दूरी अझै ठुलो भएकाले तत्काल सम्झौतामा विश्वास गर्न नसकिने बताउनुभएको छ।

यता इरानी सैन्य नेतृत्वले अमेरिकाले पुन: आक्रमण गरे कडा प्रतिकार हुने चेतावनी दिएको छ। साथै इरानले हर्मुज जलडमरुमा निगरानी कडा बनाउँदै तेल तथा ग्यास ढुवानी मार्ग 'अर्को सूचना नआउन्जेल' सीमित गरिएको जनाएको छ, जसले विश्व ऊर्जा बजारमा थप दबाब सिर्जना गरेको छ।

ट्रम्पको आशावादी दाबी र तेहरानको अस्वीकारबिच मध्यपूर्वको कूटनीतिक वातावरण अझै अनिश्चित बनेको छ।




इजरायल नियन्त्रित प्यालेस्टिनको वेस्ट ब्याङ्कको खान अल अहमर क्षेत्रमा त्यहाँका आदिवासी बेदोयुन समुदायको अधिकारको पक्षमा र दमनकारी इजरायल सरकारको कब्जा गर्ने नीतिको विरोधमा प्रदर्शन गर्दै इजरायली तथा अन्तर्राष्ट्रिय शान्ति कार्यकर्ताहरू जून १२, २०२६ का दिन।

*तस्बिर : एपी/महम्मद इलियन*

# राष्ट्रसङ्घीय विज्ञहरूद्वारा अफगान प्रहरीले महिलामाथि गरेको दमनको निन्दा

काबुल, १२ जून (एएफपी)। संयुक्त राष्ट्रका विज्ञहरूको समूहले अफगानिस्तानको पश्चिमी सहर हेरातमा महिलामाथि गरिएको दमनको निन्दा गर्दै प्रतिबन्धको विरोधका क्रममा कम्तिमा दुई जना व्यक्तिको मृत्यु भएको बताएको छ।

पछिल्लो समयमा हेरातको प्रहरीले शनिबार दर्जनौं महिलालाई शरीर पूरै छोप्ने लुगा चादर वा बुर्का नलगाएको आरोपमा पक्राउ गरेको जनाइएको छ। यी नियमहरूको विरोधमा भएको प्रदर्शनलाई बलपूर्वक तोडी एकजना प्रदर्शनकारीलाई गोली हानेर मारिएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। प्रत्यक्षदर्शीहरूले प्रर्शन नियन्त्रण गर्न सुरक्षा बलले गोली चलाएको बताएका छन् तर प्रहरीले कुनै पनि हतियार प्रयोग भएको कुरा अस्वीकार गरेको एएफपीले जनाएको छ।

विज्ञप्ति जारी गर्दै संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्ले नियुक्त गरेका दस जना स्वतन्त्र विज्ञहरूले प्रदर्शनकारी माथीको प्रहरी दमनबाट कम्तिमा दुई जनाको मृत्यु हुनुका साथै २० जनाभन्दा बढी घाइते भएको बताएका छन्।

महिलाहरूलाई ड्रेस कोड उल्लङ्घनको आरोपमा हिरासतमा राखिनु चिन्ताजनक विषय भएको भन्दै यसरी गैरकानुनी नजरबन्दमा राख्दा उनीहरूको अभिव्यक्ति स्वतन्त्रता हनन् भएको विज्ञहरूले विज्ञप्तिमा उल्लेख गरेका छन्।

समानता, शान्तिपूर्ण भेला, अभिव्यक्ति र आवागमनको स्वतन्त्रता र मनमानी नजरबन्दबाट सुरक्षा मौलिक अधिकारहरू भएको उल्लेख गर्दै विज्ञहरूले यसमा नियन्त्रण गर्न नहुने बताउनुभएको छ।

अफगानीस्तानमा ड्रेस कोड सरकारद्वारा निर्देशित छ जहाँ महिलाहरूले घर बाहिर निस्किँदा पूर्ण रूपमा शरीर ढाक्ने गरी लुगा लगाउनुपर्छ।

हेरातमा हिरासतमा लिइएका महिलाहरूमा डक्टरस विदाउट बोर्डर्स (एमएसएफ) द्वारा कार्यरत एक जना चिकित्सा कार्यकर्तासमेत रहेको जनाइएको छ।

हेरातको क्षेत्रीय अस्पतालको बाल वार्डमा कार्यरत चिकित्सकलाई शनिबार कार्यालय जाँदै गर्दा प्रहरीले रोकी ड्रेस कोडको पालना नगरेको आरोपमा हिरासतमा लिएको जनाइएको छ।

अनिवार्य रूपमा ड्रेस कोडको पालना गर्ने लिखित प्रतिबद्धता गरी उहाँका पति र आफन्तहरू लगाएतको हस्ताक्षर गरी डाक्टरलाई दुई दिनपछि हिरासतबतट रिहा गरिएको जनाइएको छ।

एमएसएफ ड्रेस कोड लागु गर्ने अनावश्यक बाध्यताको कारण आफ्ना कर्मचारीको गिरफ्तारी र नजरबन्दबाट आक्रोशित भएको जनाएको छ।

अफगानिस्तानमा लामो समयदेखि महिलाहरूले आवागमन र सार्वजनिक जीवनमा पहुँचजस्ता विषयमा कडा प्रतिबन्धहरूको सामना गर्दै आएको जनाइएको छ।

# युनलाई थप ३० वर्ष जेल सजाय

सियोल, १२ जून (एपी)। उत्तर कोरियासँग तनाव चर्काउने उद्देश्यले सन् २०२४ मा प्योङ्याङमाथि ड्रोन उडानको आदेश दिएको आरोपमा दक्षिण कोरियाका अपदस्थ राष्ट्रपति युन सुक योल र उहाँका पूर्वरक्षामन्त्री किम योङ ह्युनलाई शुक्रबार ३० वर्षको जेल सजाय सुनाइएको छ। यसअघि मार्सल ल लागू गरेको अभियोगमा आजीवन कारावासको सजाय पाइसकेका युनमाथि यो अर्को गम्भीर फैसला आएको हो।

सियोल केन्द्रीय जिल्ला अदालतले सुनाएको फैसलाको पूर्ण विवरण तत्काल सार्वजनिक गरिएको छैन। तर, अदालतले यसअघि डिसेम्बर २०२४ मा अल्पकालीन मार्सल ल लागू गरेको घटनालाई विद्रोह ठहर गर्दै युनलाई आजीवन कारावासको सजाय सुनाइसकेको थियो।

यो मुद्दाको आधार सन् २०२४ को अक्टोबरमा उत्तर कोरियाले लगाएको आरोप बनेको थियो। प्योङ्याङले दक्षिण कोरियाले तीनपटक ड्रोन उडाएर आफ्नो राजधानीमाथि प्रचार सामग्री खसालेको दाबी गरेको थियो। त्यसबेला तत्कालीन रक्षामन्त्री किम योङ ह्युनले रक्षा मन्त्रालयले उक्त आरोपको पुष्टि वा खण्डन गर्न नसक्ने प्रतिक्रिया दिनुभएको थियो। घटनापछि दुई कोरियाबिचको तनाव तीव्र बने पनि प्रत्यक्ष सैन्य झडप भने भएको थिएन।

विशेष अभियोजक चो युन-सुकको नेतृत्वमा भएको अनुसन्धानले युनले राजनीतिक विरोधीहरूलाई कमजोर पार्न र सत्ता आफ्नो नियन्त्रणमा केन्द्रित गर्न उत्तर र दक्षिण कोरियाबिच युद्धको वातावरण सिर्जना गर्ने प्रयास गरेको निष्कर्ष निकालेको थियो। अभियोजन पक्षले युनले अधिनायकवादी शैलीमा शक्ति विस्तार गर्ने योजनाअन्तर्गत ड्रोन अभियान सञ्चालन गराएको आरोप लगाएको थियो। यस्तै, मार्सल लको योजना बनाउन र सेना परिचालन गर्न सहयोग गरेको आरोपमा किम योङ ह्युनलाई पनि जिम्मेवार ठहर गरिएको छ।

अभियोजन पक्षले युनका लागि ३० वर्ष र किमका लागि २५ वर्ष जेल सजायको माग गरेको थियो। अदालतले युनमाथि ३० वर्षको सजाय सुनाएको छ भने किमसम्बन्धी विस्तृत निर्णय सार्वजनिक हुन बाँकी रहेको जनाइएको छ।

युनका कानुनी प्रतिनिधिहरूले भने फैसलाको आलोचना गरेका छन्। उनीहरूको भनाइमा ड्रोन उडान उत्तर कोरियाले सन् २०२४ को सुरुआतमा दक्षिण कोरियातर्फ हजारौँ फोहोर बोक्ने बेलुन पठाएको घटनाको प्रतिक्रिया थियो। उनीहरूले यस्तो निर्णयले दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा चासोलाई कमजोर पार्ने तर्क गरेका छन्। यद्यपि, उनीहरूले फैसलाविरुद्ध अपिल गर्ने वा नगर्ने विषयमा तत्काल कुनै निर्णय सार्वजनिक गरेका छैनन्।

युनले डिसेम्बर ३, २०२४ को राति राष्ट्रका नाममा टेलिभिजन सम्बोधन गर्दै मार्सल ल घोषणा गरेका थिए। त्यस क्रममा उनले विपक्षी उदारवादी सांसदहरूलाई उत्तर कोरियाप्रति सहानुभूति राख्ने 'राज्यविरोधी शक्ति' को संज्ञा दिएका थिए। उनले विपक्षी दलले वरिष्ठ सरकारी अधिकारीहरूलाई महाभियोग लगाएको र सरकारको बजेट विधेयकमा कटौती गरेको विषयलाई आफ्नो कदमको प्रमुख कारणका रूपमा प्रस्तुत गरेका थिए।

तर, मार्सल ल केवल करिब छ घण्टामात्र कायम रह्यो। सैनिक र प्रहरीको घेराबन्दी तोड्दै सांसदहरू राष्ट्रिय सभामा प्रवेश गरेका थिए र उक्त निर्णय खारेज गर्ने पक्षमा मतदान गरेका थिए। त्यसपछि मन्त्रिपरिषद् मार्सल ल फिर्ता लिन बाध्य भएको थियो।

घटनापछि युनलाई तत्काल पदबाट निलम्बन गरिएको थियो। त्यसपछि संसद्बाट महाभियोग पारित भयो र संवैधानिक अदालतले उनलाई औपचारिक रूपमा पदमुक्त गरेको थियो। जुलाई २०२५ मा पक्राउ परेका युनविरुद्ध हाल पनि विभिन्न आपराधिक मुद्दाहरू विचाराधीन छन्।

युनमाथिको विद्रोहसम्बन्धी सबैभन्दा गम्भीर मुद्दाको फैसला दुवै पक्षले चुनौती दिएका छन्। युन पक्षले सजायविरुद्ध अपिल गरेको छ भने अभियोजन पक्षले अझ कडा सजायको माग गर्दै मृत्युदण्ड हुनुपर्ने दाबी गरेको छ। पछिल्लो ३० वर्षको जेल सजायले भने दक्षिण कोरियाको हालैको राजनीतिक इतिहासमा युनको पतनलाई थप गम्भीर बनाएको छ।

# अत्यधिक सामाजिक सञ्जालको प्रयोगले किशोरकिशोरीको मानसिक स्वास्थ्य उच्च जोखिममा : अध्ययन

मेलबर्न, १२ जून (सिन्ह्वा)। अस्ट्रेलियामा गरेको एक दशक लामो अध्ययनले दैनिक दुई वा दुई घण्टाभन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्ने किशोरकिशोरीहरूले डिप्रेसनलगायतका मानसिक रोगको उच्च जोखिमको सामना गर्ने गरेको पत्ता लगाएको छ।

अस्ट्रेलियाको मर्डोक चिल्ड्रेन रिसर्च इन्स्टिच्युट (एमसीआरआई) ले शुक्रबार जारी गरेको विज्ञप्तिमा १२-१८ वर्षको उमेरमा उच्च सामाजिक सञ्जालको प्रयोगले एक वर्षपछि मानसिक स्वास्थ्य समस्यामा वृद्धि भएको उल्लेख गरिएको छ।

अस्ट्रेलियाको मेडिकल जर्नलमा प्रकाशित यस अध्ययनले मेलबर्नमा ९ देखि १९ वर्ष उमेर समूहका करिब एक हजार २०० सहभागीहरूको बिचमा अध्ययन गरेको जनाइएको छ।

अध्ययनको लागि सन् २०२५ मा १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालको पहुँचमा प्रतिबन्ध लगाउनुअघि तथ्याङ्क सङ्कलन गरेको जनाइएको छ।

अनुसन्धानकर्ताहरूले उच्च स्तरको मानसिक स्वास्थ्य समस्याहरू, अनलाइन दुर्व्यवहारलगायत सामाजिक सञ्जाल प्रयोग र हानिकारक अनलाइन सामग्रीको जोखिमले बढेको चेतावनी दिएको छ।

अध्ययनका अनुसार यसको प्रभाव १२ देखि १३ वर्ष उमेर समूहका केटीहरूमा सबैभन्दा बढी देखिएको थियो, भने दुवै लिङ्गहरूमा उच्च जोखिम देखिएको थियो।

अध्ययनको निष्कर्षले प्रारम्भिक किशोरावस्थालाई बालबालिकाको जीवनको महत्त्वपूर्ण समयको रूपमा लिई अध्ययन गरेको प्रमुख लेखक नन्दी विजयकुमार, एमसीआरआई र डीकिन विश्वविद्यालयका वरिष्ठ अनुसन्धान सहयोगीले बताउनुभएको छ।

सह-लेखक, एमसीआरआई प्रोफेसर सुसान सायरले अध्ययनबाट आएका निष्कर्षहरूले उमेर-उपयुक्त सीमाहरू, राम्रो डिजिटल साक्षरता कार्यक्रमहरू र मानसिक स्वास्थ्य जोखिमहरू कम गरी अभिभावकको मार्गदर्शनलाई बलियो बनाउने बताएका छन्।

अघिल्लो एम. सि. आर. आइ. अनुसन्धानले लगभग तीन चौथाई अस्ट्रेलियाली किशोरकिशोरीहरूले मानसिक रोग तथा चिन्ताको अनुभव गरेको जनाएको थियो।

# साहित्य कसरी लेख्ने ?

२० औँ शताब्दीका महान् अमेरिकी लेखकमध्ये अर्नेस्ट हेमिङ्वे पनि एक हुन् । उनको सबैभन्दा चर्चित उपन्यास द ओल्ड म्यान एन्ड द सीले सन् १९५३ मा उपन्यास विधामा पुलित्जर पुरस्कार जितेको थियो । त्यसको अर्को वर्ष उनलाई साहित्यमा पुर्‍याएको योगदानका लागि नोबेल पुरस्कार दिइएको थियो । 'उनको शक्तिशाली लेखनी, शैली निर्माण गर्ने शिल्प र अभिव्यक्तिको कलाका लागि' पुरस्कार दिइएको नोबेल समितिले जनाएको थियो ।

कसरी लेख्ने भन्नेबारेमा हेमिङ्वेले कहिल्यै सिकाएनन् । जसले हेमिङ्वेले लेखनबारे यसो भने भनेर किताब निकाले, तिनले पनि छरपष्ट विचार, उपन्यास, चिठ्ठीपत्रहरूबाट सिला खोजेर तयार पारेका हुन् ।

आफू छँदै यस्तो काम गरिहाल्नुपर्छ भन्ने सोच स्टेफन किङको थियो, रे ब्राडबरीको थियो । ज्यूँदै छँदा उनीहरूले कसरी लेख्ने भनी पुस्तकै निकाले । ग्रिन हिल्स अफ अफ्रिका पुस्तकमा हेमिङ्वेले कतै भनेका छन्, 'त्यस्ता लेखक भाग्यमानी हुन्, जसको लेखनीले अरूलाई एक वाक्य भए पनि लेख्न प्रेरणा दिन्छन् ।'

शायद यही कारणले कसरी लेख्ने भनेर सिकाउने लेखकको सूची भने निकै लामो भएको हुनुपर्छ । मूल कुरा त कसरी लेख्ने भनेर सिकाएर कोही लेखक बन्दैन । जब कसैको लेखनीको घनले रन्थन्याएर कसैले कलम समाउँछ र एक पाना भए पनि लेख्छ, त्यस्ता लेखकलाई हेमिङ्वेले भाग्यमानी भनेका हुन् ।

कसरी लेख्ने भन्ने सूत्रहरू नलेखे पनि त्यस्ता छनक उनले पर्याप्त दिएका छन् । कसैलाई चिठ्ठी लेख्दा दिएका छन् । ती चिठ्ठीमध्ये केही आफ्ना एजेन्टलाई लेखेका छन् । केही प्रकाशकलाई, केही लेखकहरूलाई, केही साथीहरूलाई लेखेका छन् । ती सबै चिठ्ठीहरू पढेपछि नै एउटा पुस्तक तयार भएको छ, अर्नेस्ट हेमिङ्वे अन राइटिङ ।

ती चिठ्ठी पढिसकेपछि उनको लेखनबारेको धारणा स्पष्ट हुन सकिन्छ । उनका छरपष्ट विचारमध्ये मलाई रूचेका केही टिप्सहरू यहाँ उल्लेख गरिएको छ:

**१. लेखनी के हो ?**

राम्रा पुस्तक वा राम्रा लेखनी तपाईँसँग छपक्क टाँसिन्छन् । तिनले मन मस्तिष्कलाई राम्रो तथा नराम्रो दुवै हिसाबले तपाईँलाई प्रभाव पार्छन् । जुन लेखनीले तपाईँलाई पढिसकेपछि पनि प्रभाव पार्छन्, तिनले आनन्द दिन्छन्, खिन्नता जन्माउँछन् र दु:खी पार्छन्, त्यो लेखनी राम्रो हो ।

मान्छेले मलाई सोध्छन्, गद्य लेख्न सजिलो कि पद्य ? कविता लेख्न सजिलो कि उपन्यास ? राम्रो सिर्जनाको सूत्र के हो ? धेरैले सोध्छन् । अहिलेसम्म कसैले पनि त्यो पत्ता लगाउन सकेको छैन । त्यसैले आफू सन्तुष्ट नहुञ्जेलसम्म लेखिरहनु नै उत्तम ।

**२. लेखन गुणस्तर**

मैले जीवनभर शब्दहरूलाई यसरी हेरेँ, जस्तो कि म पहिलोपटक तिनलाई देख्दैछु... लेखनमा गम्भीर हुनैपर्छ । अर्को चाहिँ तपाईंमा प्रतिभा हुनैपर्छ ।

राम्रो लेखकको अत्यावश्यक उपहार नै फोहोर पत्ता लगाउने क्षमता हो । सबैजसो महान् लेखकमा त्यो गुण हुन्छ । तिनले एकै झमटमा अनावश्यक शब्द, अनावश्यक अनुच्छेद, अनावश्यक लेखनी पत्ता लगाइहाल्छन् । अरूको मात्र होइन, आफ्नै न्याय गर्ने क्षमता वा अक्षमताले राम्रो लेखक वा नराम्रो लेखक बनाउँछ ।

महान् लेखक आमाको कोखबाटै ज्ञान लिएर आएको प्रतीत हुन्छ तर त्यस्तो हुँदैन । राम्रो लेखकमा चाँडै सिक्ने क्षमता चाहिँ हुन्छ । तिनमा के राम्रो र के नराम्रो भन्ने भेउ चाँडै पाउँछन् र त्यो क्षमता चाँडै सिक्छन् ।

**३. लेख्नुको आनन्द र पीडा**

मेरो विचारमा तपाईँले दुई जनाका लागि लेख्नुहुन्छ । पहिलो तपाईँ आफ्नै लागि लेख्नुहुन्छ र त्यो पूर्ण, काइदाको लेखनी होस् भन्ने चाहनुहुन्छ । अर्को चाहिँ, जसलाई तपाईँ असाध्य प्रेम गर्नुहुन्छ, उसका लागि लेख्नुहुन्छ । चाहे त्यो जीवित होस् या मृत ।

लेख्नु चुनौती हो । मलाई चुनौती मन पर्छ । मैले जानेको नै चुनौती हो र मलाई राम्रोसँग थाहा छ, यो म राम्रैसँग गर्न सक्छु ।

म खुसी हुनका लागि लेख्ने गर्छु । चाहे त्यो लेखाईबापत मैले पैसा पाऊँ या नपाऊँ । यो एउटा यस्तो कीरा हो, जो तपाईँको दिमागमा सल्बलाइरहन्छ र यसले तपाईँलाई नरकको अनुभूत गराउँछ । जब लेखिसिध्याउनु हुन्छ, त्यसले घुमाउने स्वर्गको बयान गरिरहनु पर्दैन, त्यो त अनुभूत गर्ने कुरा हो ।

**४. के लेख्ने ?**

मैले जो दैनिन्दिनीका बारेमा लेख्छु, के आलोचनाका लागि म लेख्छु ? जस्तो जीवन छ, त्यसलाई देखाउन लेख्छु ? होइन । म त दैनिन्दिनीलाई जीवन्त पार्न लेख्छु । त्यसैले जब तपाईँले केही पढ्नुहुन्छ, त्यो तपाईँले अनभूत गर्नुहुन्छ । खराब तरिकाले लेखेर तपाईँले सुन्दर अनुभूत गर्न सक्नुहुन्न । अथवा, तपाईँले जे कुरा सुन्दर अनुभूत गर्नुहुन्न, त्यो सुन्दर तरिकाले अभिव्यक्त गर्न सक्नुहुन्न ।

तपाईँले त्यही कुरा लेख्नुहोस्, जुन तपाईँलाई थाहा छ । किताब लेख्दा ध्यान दिनुस्, जसलाई तपाईँ चिन्नुहुन्छ, जसका बारेमा तपाईँलाई मज्जाले थाहा छ, जसलाई तपाईँ प्रेम गर्नुहुन्छ, जसलाई तपाईँ घृणाा गर्नुहुन्छ तिनका बारेमा लेख्नुहोस् । तपाईँले पढेका र नचिनेका व्यक्तिका बारेमा लेख्नु भनेको शब्दफोहोर जमाउनु हो ।

मैले लेखेर जे जति कमाएँ, जे जति सफलता हात पारेँ, ती सबै मैले चिनेका मान्छेका कथाहरू नै थिए ।

**५. परम् सत्यमा ध्यान दिनुस्**

जब म नयाँ कुरा लेख्न बस्छु, कथा कहाँ बग्छ मलाई थाहा हुँदैन । म पेरिसको एउटा घरको छानामा उभिन्छु र सोच्छु... चिन्ता नगर अर्नेस्ट । तैँले पहिले पनि लेखेकै होस् र पछि पनि लेख्ने नै छस् र अहिले पनि लेख्छस् । मात्र तैँले एउटा सच्चा वाक्य लेखे पुग्छ । त्यो सच्चा वाक्यले तँलाई तानेर लैजान्छ ।

त्यसैले तपाईँले लेख्दा पनि तपाईँलाई थाहा भएको सर्वसत्य, परम् सत्य वाक्यबाट लेख्न थाल्नुहोस् । मैले पनि त्यस्तै गर्छु । एउटा परम् वाक्यबाट कथा सुरु गर्छु । त्यसपछि त्यो वाक्यले मलाई तान्दै कथाको अन्तिम बिन्दुसम्म पुर्‍याइदिन्छ । त्यो वाक्य मैले त्यो बेलासम्म जानेको परम् सत्य वाक्य हुन्छ, मैले देखेको वा कसैबाट सुनेको परम् सत्य कुरा हुन्छ ।

**६. के त्याग्ने, जान्नुस्**

निबन्धकारलाई एउटा कुरा गज्जबले थाहा हुन्छ, लेखनीमा के राख्ने र के फ्याँक्ने भन्ने ! के चिज किन त्यहाँ राख्यो भन्ने एउटा असल पाठकले चाल पाउँछ । एउटा आइसबर्ग (हिमशैल)को स्वाभिमान लेखकीयमा हुनुपर्छ । समुद्रमा यसको टाउको मात्र देखिन्छ तर जब त्यसको फेद पत्ता लगाउनुहुन्छ, टुप्पोपछिको फेद त आठ गुणा बढी भएको चाल पाउनु हुनेछ । जसलाई के कुरा निकाल्ने भन्ने थाहा हुँदैन, उसले जे निकाल्छ, त्यसपछि उसको लेखनी सतही बन्न पुग्छ ।

अब्राहम लिङ्कनले गृहयुद्धको अन्त्यपछि दिएको गेटिसबर्ग भाषण उनलाई के बोल्ने थाहा नभएर छोटो मीठो भएको होइन, कति कुरा बोल्दा उचित हुन्छ, त्यो थाहा पाएकाले मीठो भएको हो । निबन्ध लेखनको नियम त्यति नै लागू हुन्छ, जति विमानको नियम वा गणितको नियम वा भौतिकशास्त्रको नियम लागू हुने गर्छ ।

**७. शब्द गणना**

मलाई केही न केही लेखिरहन मन पर्छ । मलाई लेखनमा जति आनन्द अरू केही गर्दा आउँदैन । दिनमा मैले १२ सय शब्द लेख्दा म खुसी हुन्छु, २७ सय शब्द लेख्दा खुसी हुन्छु । कहिलेकाहीँ दिनमा कनेर ३२० शब्द लेख्छु, त्यो बेला पनि मलाई उत्ति नै खुसी लाग्छ । लेखिसकेर जब शब्द गन्छु, मलाई आनन्द लाग्छ ।

**८. कुवा रित्तिँदैन**

जसले केही शब्द लेख्छ, केही न केही लेखिरहेको हुन्छ, उसबाट तपाईँले केही न केही लेखन कला सिक्न सक्नुहुन्छ ।

म केही नपढी लेख्न सक्दिनँ । बिहान बिहानै जब म केही पढ्छु, मलाई त्यसले केही न केही लेख्न घच्घच्याउँछ । पढिनँ भने नङ टोकूँ कि कपाल कन्याउँ कि, केही गरी मलाई लेख्न आउँदैन ।

अनि जब मैले केही लेखिसिध्याउँछु, मलाई नपढी हुँदैन । त्यसपछि म खालीपनको महसुस गर्छु, रित्तिएको अनुभव हुन्छ मलाई । मलाई मेरो लेखनको कुवा कहिल्यै रित्तिदैन भन्ने थाहा छ । त्यसैले म ह्वारह्वारी लेखेर त्यो खानी रित्याइदिऊ या रित्तिएला कि भनेर आत्तिन्नँ । म कुवाको पानी रित्तिने गरी लेख्छु र मलाई थाहा छ, भोलिपल्ट त्यो कुवामा फेरि पानी भरिनेछ र अवश्य भरिनेछ ।

*(ल्यारी डब्लु. फिलिप्सद्वारा सम्पादित 'अर्नेस्ट हेमिङ्वे अन राइटिङ' पुस्तकमा आधारित ।)*

लघु कथा

# पढाइ र लडाकु भावना

✍ दुर्गा हिमाल

शनिबार धनगढीका शिक्षकहरूको एउटा सम्मेलन हुँदै थियो । उक्त सम्मेलनमा सहभागी केही शिक्षकहरू प्रमुख अतिथि, अतिथिका महत्त्वपूर्ण विचार र भनाइ सुन्दै नोट कापीमा टिप्दै थिए । कोही शिक्षकहरू सम्मेलन स्थलमा आवतजावत गर्दै पूर्वपश्चिम फर्केर, खुट्टा तन्काएर गफ गर्दै थिए, कोही शिक्षक भन्ने मोबाइलमा फेसबुक हेर्दै थिए भने कोही शिक्षकहरू ढिलो गरी आउँदै थिए । सम्मेलनमा सहभागीसँगै बसेर नोट कापी हातमा लिएर सुन्दै गरेका अनुशासित, सङ्घर्षशील र देशभक्त शिक्षक साथीहरू ती दृश्यहरू नियाल्दै थिए ।

ती दृश्य नियालेका छेउको शिक्षक साथीले असन्तोष पोखे, 'हेर्नुस् त साथीहरू उहाँ शिक्षक साथीहरूले विद्यार्थीहरूलाई कसरी पढाउनुभयो होला ? विद्यालयको अवस्था कस्तो होला ? उहाँ शिक्षक साथीहरूले आफ्नो इमानदारिता, अनुशासन कर्तव्य बिर्सेजस्तो लाग्यो । प्रमुख अतिथि, अतिथिले देश बनाउने देश हाँक्ने भविष्यका कर्णधार तयार गर्ने कर्तव्य बोकेका हामी शिक्षकहरूले शिक्षा र राजनीतिसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे बताउँदै हुनुहुन्छ । शिक्षक भनेका अध्ययनशील, सङ्घर्षशील हुनुपर्ने थियो । तर, हाम्रा शिक्षक साथीहरूको ध्यान यतातिर गएको देखिँदैन । कोही आवतजावत गर्दै, कोसी मोबाइल हेर्दै, कोही गफ गर्दै हुनुहुन्छ भने कोही आफ्नो व्यक्तिगत सबै काम भ्याएपछि ढिलो आउने गरेको पाइन्छ । कोही शिक्षक साथीहरू भने प्रमुख अतिथि, अतिथिका महत्त्वपूर्ण विचार र भावनाहरू राम्रोसँग सुनेर टिपोट गर्दै हुनुहुन्छ ।

ती तस्वीर हेरेका बिचको शिक्षक साथीले थोरै रिस देखाउँदै रिसाएर भनिहाले, 'त्यही भएर सरकारी विद्यालयको पढाइ खस्किएको हो । विद्यालय भवन भग्नावेशमा परिणत भएको छ । देशको शैक्षिक अवस्था डामाडोल छ । फेरि यसलाई मलजल गर्न सरकारले आइतबार पनि बिदा दिएको छ । देशको अवस्था यो हालतमा पुगेको छ । हाम्रा शिक्षक साथीहरू आफूले पाउनुपर्ने सेवा सुविधा अधिकार भने एक इन्च पनि नछोड्ने, कुरा भने लङ्का मार्ने काम भने एक सिन्को नभाँच्ने, विद्यालयमा समयमा नआउने, राम्रोसँग नपढाउने, सुविधा पाउने भएपछि अनेक बहानामा झोला बोकेर विद्यालयबाट बाहिरिने, काम भने सरकारी विद्यालयमा गर्ने अनि आफ्ना सन्तान भने बोर्डिङ स्कूलमा पढाउने अनि सरकारी विद्यालय, कलेज त्यस्तो हुँदैन त ? यसको जिम्मेवार भनेको सरकार नै हो ? पढेर लडाकू भावना भएन भने पढाइ र सिकाइ, सीप विदेशीको सेवाको लागि भए त्यस्ता शिक्षक साथीहरू मास्टर डिग्री, त के महाडिग्री भएर के काम ? त्यस्तो पढाई, सीप अनि सङ्घर्ष शिक्षा, समाज र देशको लागि नभए त्यसको कुनै अर्थ होला र ?

दुबै शिक्षक साथीको विचारलाई समर्थन गर्दै अर्को छेउको साथीले भने, 'त्यो त मेहनत गर्नुपर्यो नि । कि विदेशीसँग हात फैलाउने हो ? भक्तपुरको शैक्षिकस्तर त्यसैमाथि उठेको कहाँ हो र । त्यहाँका शिक्षक, प्राध्यापकहरू अध्ययनशील, अनुशासित, कर्तव्यनिष्ठ अनि समाज देशका लागि पनि लड्छन् । उनीहरू मौरीजस्ता छन् । यसमा भक्तपुर नगरपालिकाले शिक्षक र प्राध्यापक साथीहरूलाई ऊर्जा दिइरहेका छन् । उसले देशको भाग्य निर्माण गर्ने, देशलाई आफ्नै खुट्टामा उभ्याउने, १५ लाखमा डाक्टर पढाउन ख्वप विश्वविद्यालयको स्वीकृति मागिरहेको छ । तर, आजसम्मका प्रजातन्त्रवादी, देशभक्त, कम्युनिस्ट भनिएका सरकारहरूले स्वीकृति दिन खुट्टा कमाइरहेका छन् । त्यहाँका विद्यालयका प्रधानाध्यापकदेखि पियुनसम्मका सबैले आफ्ना सन्तान आफूले पढाएको काम गरेको विद्यालयमा पढाउँदै आएको भन्ने सुनिन्छ । त्यसरी नै सरकार अनि हामी शिक्षक, कर्मचारी लाग्यौं भने देशको शैक्षिक अवस्था उँभो लाग्नेछ । होइन सर ! सही हो भन्दै सम्मेलन सकिएकोले सबै शिक्षकहरू चियापानतर्फ लागे ।

# विदेशमा बस्ने छोराको कथा

✍ सुनिता गाइसी

नेपालको एउटा सानो गाउँमा बुढा बा र आमा बस्नुहुन्थ्यो । उहाँहरूको एक मात्र छोरा थियो, साजन । बाल्यकालदेखि नै साजन पढाइमा तेज थियो । गाउँमा राम्रो पढाइ नपुग्ने भएकोले बा-आमाले ठुलो सपना देख्दै ऋण-धन गरेर उसलाई सहर पठाए, अनि पछि विदेश पनि पठाइदिए । साजन विदेश गयो । सुरुका दिनमा ऊ धेरै व्यस्त रह्यो; काम, कमाइ, नयाँ देश, नयाँ साथीहरू । फोनमा बा-आमासँग कुरा हुँदा ऊ छिटो-छिटो बोल्थ्यो । "बा, ठीक छ, म व्यस्त छु... पछि कुरा गरौँ," भन्ने उसको सामान्य जवाफ हुन्थ्यो । उता गाउँमा बा-आमा भने दिन गन्दै बस्थे । आमा बिहानै ढोकातिर हेरेर भन्थिन्,"आज छोरोले फोन गर्छ कि ?" बा भने चुपचाप बस्थे, तर आँखामा छोराको याद स्पष्ट देखिन्थ्यो । घरमा छोराको पुरानो किताब, फोटो र उसका बाल्यकालका कपडा हेरेर दुवै जनाको मन भारी हुन्थ्यो । समय बित्दै गयो । साजन विदेशमा सफल भयो । पैसा पनि कमाउन थाल्यो । ऊ सोच्थ्यो; "मैले त बा-आमाका सबै दु:ख हटाइदिएँ, अब त उनीहरू खुसी हुनुपर्छ ।" तर गाउँमा वास्तविकता फरक थियो । बा बिरामी पर्न थालेका थिए । आमा एक्लै सबै काम गर्न सक्दिन थिइन् । उनीहरूलाई पैसाभन्दा पनि छोराको साथ चाहिएको थियो । एकदिन साजनलाई गाउँबाट फोन आयो, बा गम्भीर बिरामी छन् । साजनलाई अचानक भित्र केही चसक्क भयो । धेरै वर्षपछि उसले पहिलो पटक ढिलो गरेर सोच्यो; "मैले के गुमाइरहेको छु ?" ऊ तुरुन्तै नेपाल फर्कियो । घर पुग्दा बा ओछ्यानमा कमजोर भएर पल्टिरहेका थिए । आमाको आँखामा धेरै दिनको आँसु जमेको थियो । बा कमजोर स्वरमा बोले, "छोरा... तिमी ठीक छौ त ?" साजनको आँखाबाट आँसु झर्‍यो । ऊ नजिकै बसेर भन्यो, "बा, म ठीक छु । तर, मैले तपाईंहरूलाई ठीक राख्न सकिनँ ।"त्यही क्षण उसले पहिलो पटक महसुस गर्‍यो–विदेशमा कमाएको पैसाभन्दा ठुलो कुरा बा-आमाको साथ रहेछ । आमा चुपचाप छोरोको टाउको सुम्सुम्याउँदै भनिन्, "छोरा, पैसा त आउँछ जान्छ... तर तिमी हाम्रो साथमा हुनु नै हाम्रो जीवन हो ।" त्यस दिन साजनले बुझ्यो, विदेशमा हुँदा ऊ काममा व्यस्त थियो, तर घरमा बा-आमा मायाको लागि पर्खिरहेका थिए र साँचो माया भनेको केवल खर्च पठाउनु होइन, साथ दिनु रहेछ ।

कविता

# खोजी खोजी जेलमा नथुनी भएन

✍ माया

सिंहदरबारमा चोरहरू थिए
जनतालाई धेरै धेरै दु:ख भयो
अहिले त्यहाँ डाँकाहरू पुगे
अब नेपालीहरू कति पीडित हुने होलान्
?
पहिले चुनावमा रुपैयाँ बाँडिन्थ्यो
अहिले डलर छरेर देश कब्जा गरियो
डलर छर्ने कुन कुन पार्टी हुन् ?
खोजी खोजी नलखेटी भएन ।

विद्यार्थीलाई आन्दोलनको मोहडामा राखेर
गोलीमा भुट्ने को को हुन् ?
आफैले पेट्रोल बम हानेर
सिंहदरबार जलाउने को को हुन् ?
विदेशीसँग ऋण ल्याएर
देशको अर्थतन्त्र जलाउने
को को हुन् ?
ती सबैलाई खोजी खोजी
जेलमा नथुनी भएन ।
(२०८३ जेठ २५)

# नयाँ साथीहरूलाई खुला प्रश्न !

✍ विद्रोही राम

हो साथी हो,
तिमीले भनेको शतप्रतिशत सत्य हो,
पुरानाहरूले नै यो देशको भाग्य र भविष्य लुटेकै हो ।

त्यो महाकाली सन्धिको राष्ट्रघाती कालो पानामा,
तिनीहरूकै स्वार्थको हस्ताक्षर र औँठाछाप बसेकै हो ।

हो, एमसीसीको त्यो विवादित र अल्झिएको सम्झौता,
त्यही पुरानाकै सत्तालिप्सा र दलालीको उपज थियो ।
तिनीहरूकै अदूरदर्शी र लाचार बुद्धिको खोज थियो ।

हो, जनताको रगत र पसिनाको कमाइ चुसिएकै हो,
३५ वर्षसम्म यो देश निर्दयी भई लुटिएकै हो ।

यसको मतलब यो होइन कि साथीहरू,
अब ३४ वर्ष तिमीले देश लुट्न पाउनुपर्छ ।

होइन भने
भन,
के तिमीहरू महाकाली सन्धिको विरोधी हौ ?
के तिमीहरूले एमसीसी, गण्डकी, माथिल्लो कर्णाली
जस्ता थुप्रै राष्ट्रघाती सम्झौता खारेज गर्ने हो ?
के तिमीहरूको बजेट भाषण र गरिबको पसिनासँग
अन्योन्याश्रित सम्बन्ध छ ?
बात गर्नुहुन्छ ?

# ढल्किरहेको जीवनको उठिरहेको आवाज !

✍ न्हुछेरत्न बुद्धाचार्य

भोक र रोगबाट पीडित भएर
पातलो जीर्ण शरीर लिएर
निधारभरि चाउरिएको अनुहार बोकेर
हुर्कँदै ढल्कँदै, समय बिताइरहेका अनुभवी मानव !

यो अत्यासलाग्दो पथमा
अपार महिमाले भरिपूर्ण योगदान दिएर
कलिलो हँसिलो संसारको न्वारान गरेर
सङ्घर्षमयी जीवन चक्रमा बाँचिरहेका ज्येष्ठ नागरिक

यो नवयुगको आकाशमा
प्रत्येक अग्रजहरूको अतीतको सेवा र तपस्या
यो ज्ञानभूमिको लागि एक पथ प्रदर्शक हो
आफ्नै शक्ति आफ्नै भक्तिले अघि बढिरहेका वृद्धजन
यो राष्ट्रको उपकारी, समाजसेवी, सत्यवादी हुन्

तर, तिम्रो आशा, तिम्रो भरोसा
अनि तिम्रो समानताको अधिकार
कहीँ हावाले उडाइदियो
कहीँ पानीले बगाइदियो ।

यस्तै असजिलो परस्थितिमा
कष्टपूर्ण जीवन भोगिरहेका
यो धरतीका ज्योति वृद्ध वृद्धाजनहरू ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २४

**प्रहरी वृत्त कीर्तिपुर काठमाडौंमा कार्यरत प्रहरी सहायक निरीक्षक खेमराज अधिकारी :**

२०८२ भदौ २३ गते म आफ्नै कार्यालयको अपराध अनुसन्धान शाखामा काम गरिरहेको थिएँ । २४ गते करिब ११:०० बजे १/२ हजारको सङ्ख्यामा आएका प्रदर्शनकारीको समूहले कार्यालयमा ढुङ्गामुढा गर्न खोज्यो । त्यहीबेला कीर्तिपुरका विभिन्न स्थानमा आगजनी तथा तोडफोड भएको खबर प्राप्त भयो । दिनको करिब १२:०० बजे पुन: ३/४ हजार सङ्ख्याको नेतृत्वविहीन उग्र अराजक समूह कार्यालय हाताभित्र प्रवेश गरी तोडफोड, लुटपाट र आगजनी गरियो । कार्यालय र प्रहरी व्यारेकमा समेत पूर्ण क्षति पुऱ्याइयो । उक्त दिन डरत्रासमै बित्यो । नेपाल प्रहरी अनाश्रित गुल्म डिल्लीबजारमा कार्यरत प्रहरी सहायक निरीक्षक वीरेन्द्रसिंह विष्ट: २०८२ ५। २४ गते डिल्लीबजार कारागारमा करिब १६:३० बजे ४००/५०० जनाको समूहले आक्रमण गऱ्यो । उक्त समूह नेपाल प्रहरी अनाश्रित गुल्म डिल्लीबजारको मेनगेट तोडफोड गरी भित्र प्रवेश भयो । लाइन ब्यारेकमा आगजनी र डिअ कक्षका सञ्चार साधन सीसीटीभी क्यामेरा, मोनिटरसमेत तोडफोड भयो ।

२५ गते बिहान अन्दाजी ८:३० बजे कारागारमा रहेका कैदीबन्दीहरूले 'अन्यत्र कारागारका कैदीबन्दीहरू मुक्त भइसके, हामी पनि मुक्त हुनुपर्छ' भन्ने माग राखेर ८:३० बजेदेखि विरोध तथा नाराबाजी सुरू गरे । त्यसपश्चात् कैदीबन्दीहरूले कारागारभित्रै तोडफोड र आगजनी गरे । कैदीबन्दीहरू कारागारबाट बाहिर निस्कन खोजेपछि तत्कालै ४५८ जनालाई केन्द्रीय कारागार स्थानान्तरण र मूलनाइकेसमेतका १९२ जना कैदीबन्दीहरूलाई डिल्लीबजार कारागारमै व्यवस्थापन गरियो । सोमध्ये २० जना कैदीबन्दी फरार रहेकोमा १० जना फिर्ता भए भने १० जनाको खोजतलास भइरहेको छ ।

**प्रहरी वृत्त लैनचौरमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रकाश राय :**

भदौ २३ गते अन्दाजी ०८:३० बजे म बानेश्वरस्थित अल्फाबेटाको उत्तरतर्फ मुख्य ब्यारिकेड ड्युटीमा खटिएको थिएँ । त्यहाँ अन्दाजी १०:०० बजेदेखि नै स्कूल र कलेजको जस्तो देखिने पोशाक लगाएका युवा-युवतीहरू भेला भएका थिए । अन्दाजी ११:०० बजे माइतीघर मण्डलातर्फबाट अन्दाजी ७-८ हजारको भिड आइपुग्यो । भिडले केही समय नाराबाजी गरेपछि ब्यारिकेडमा धकेलाधकेल गर्न थाल्यो । लगभग ४० मिनेटदेखि १ घण्टासम्मको धकेलाधकेलपछि ब्यारिकेड ढल्यो । सो भिड संसद् भवनतर्फ बढ्यो । नेपाल प्रहरीको वाटर क्याननबाट पानीको फोहोरा प्रहार गर्दा पनि भिड पछि हटेन । हाम्रो टोली सुरक्षित हुँदै सङ्घीय संसद् भवनको २ नं गेट पुग्यो । २ नं गेटतर्फ ड्युटी लिइसकेपश्चात् पनि हामीमाथि निरन्तर ढुङ्गा, ईंटा, पानीका बोतल, हेल्मेटलगायतका वस्तुहरू प्रहार भई नै रह्यो । त्यसबेलासम्म कहीं कतैबाट गोली चलेको आवाज सुनिएन । अन्दाजी १ घण्टापछि हामी भित्र गएर फलामको सिक्रीले २ नं गेट पूर्णरूपमा बन्द गऱ्यौं । केही समयपश्चात् भिडले नागरिक लगानी कोषतर्फको पर्खालमा प्वाल पारेर ८-१० जना प्रदर्शनकारी भित्र प्रवेश गरे । हामीले प्रवेशकर्ताहरूलाई बाहिर लखेट्यौं ।

करिब २:३० बजे मैले सङ्खमूलतिरबाट मोटरसाइकल साइलेन्सरमा ठूलो आवाज निकालेर हो-हल्ला गर्दै २०-३० जनाको समूह बानेश्वर चोकतर्फ आइपुगेको देखें । केही समय प्रदर्शनकारीहरूले संसद् भवनलाई निशाना बनाउने र हामीले अश्रुग्यास प्रहार गर्दै भिड तितरबितर गर्ने क्रम चलिरह्यो । सो क्रममा १४ राउन्ड ग्यास सेल र ३ राउन्ड रबर बुलेट खर्च भयो । लाइभ राउन्ड प्रहार गरेनौं । अन्दाजी ०४:०० बजे गोली चलेको आवाज सुनियो । तर, कताबाट, कति राउन्ड प्रहार र के कति प्रदर्शनकारी घाइते अथवा मृत्यु भए ठम्याउन सकिएन । सो सिलसिलामा मेरो कमान्डर र मसहित ३ जना घाइते भयौं । यो सिलसिला राति अन्दाजी १०:०० बजेसम्म चलिरह्यो ।

भदौ २४ गते मेरो कमान्डमा ४ जनाको टोली बिहान अन्दाजी ०९:०० बजेदेखि नै लैनचौरस्थित अस्कल क्याम्पस अगाडि कर्डन ड्युटीमा खटिएको थियो । अन्दाजी ११:०० बजे आफ्नो कार्यालय सुरक्षार्थ फिर्ता हुने आदेश आएपछि हाम्रो टोली कार्यालय फिर्ता भयौं । हामी फिर्ता हुँदाको समयसम्म कार्यालयमाथि आक्रमण भएको थिएन । सोह्रखुट्टे चोकमा अन्दाजी १५०० जनाको समूहले नाराबाजी गरिरहेको थियो । करिब ११:२० बजे अन्दाजी १५०० जना प्रदर्शनकारीहरूले नाराबाजी गर्दै हाम्रो टोली र कार्यालय भवनमा ईंटा, ढुङ्गा, पानीको बोतल, पेट्रोलका बोतलले प्रहार गरे ।

करिब १३:५५ बजे २५००/३००० प्रदर्शनकारीहरूले कार्यालय गेट अगाडि रहेको मोबाइल गाडी धकेल्दै वृद्धाश्रम अगाडि पुऱ्याएर आगजनी गरे । त्यसपछि कार्यालय हाताभित्र पार्किङ गरिराखेको गाडी र मोटरसाइकलहरूमा समेत आगजनी गरे । हिरासत कक्षमा रहेका थुनुवाहरू आगोको धुवाँले निसासिन थालेपछि हो-हल्ला तथा तोडफोड हुनथाल्यो । त्यसपछि हिरासत कक्षमा रहेका थुनुवाहरूलाई 'सम्पर्कमा रहनु' भनी हामीले सकुशल बाहिर पठायौं । कार्यालय हाताभित्र रहेका प्रदर्शनकारीहरूलाई स्थानीयको सहयोगमा सोह्रखुट्टे चोकतर्फ पठायौं । जसको कारण कार्यालय, कार्यालयभित्र रहेका हातहतियार, गोली गट्ठा, सञ्चार सेट, मिसिल फाइललगायत सम्पूर्ण सामान सुरक्षित रहन पुग्यो ।

# वाग्मती प्रदेश प्रमुख देवकोटा भक्तपुर बचत र भक्तपुर आदर निकेतनको अवलोकनमा



भक्तपुर, २९ जेठ । वाग्मती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले शुक्रबार भक्तपुर बचत तथा ऋण सहकारी संस्था र भक्तपुर आदर निकेतनको अवलोकन भ्रमण गर्नुभएको छ ।

अवलोकन भ्रमणको क्रममा प्रदेश प्रमुख देवकोटाले एक-दुई जनाले सहकारीमा गरेको बदमासीको कारण प्राधिकरणले सबै सहकारीलाई एकै कित्तामा राखेर हेर्नु गलत भएको बताउनुभयो ।

संस्थाका लागि आफूले देशको कानुन र संविधानले दिएको अधिकारभित्र रही साथ र सहयोग गर्ने वचन दिँदै उहाँले कच्चापदार्थलाई प्रशोधन गर्ने कार्यमा लाग्न शेयर सदस्यहरूलाई उत्साहित गर्नुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले भ्रमण टोलीलाई स्वागत गर्दै संस्थाबाट दिएका विभिन्न किसिमका सीपमूलक र रोजगारमूलक तालिमहरूबारे उल्लेख गर्नुभयो ।

प्राधिकरणले ल्याएका निर्देशनले सहकारी क्षेत्रलाई स्वनियम र स्वायत्ततावाट नियन्त्रणमा ल्याएको चर्चा गर्दै उहाँले ४ अर्ब ४३ करोडको वासलात रहेको उक्त संस्थामा प्राधिकरणका नीति तथा निर्देशिकाले शेयर सदस्यहरूमा ठूलो प्रभाव पार्ने बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घ सुदूरपश्चिम प्रदेशका अध्यक्ष रूकमणी देवकोटाले संस्थाले गरेको राम्रो कार्यको प्रशंसा गर्दै नयाँ पुस्तालाई संस्थाले आबद्ध गर्दै लगेकोमा खुसी व्यक्त गर्नुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्माले उद्योग र व्यवसायलाई सहकारीले प्रवर्द्धन गरिराखेकोले घरेलु उद्योग र व्यवसायमा आधारित तालिम तथा कार्यक्रम गर्दा समन्वय गर्न कार्यालय प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष सत्यनारायण प्रजापतिले पनि बोल्नुभएको थियो ।

### *वागीश्वरी...*

लोभ देखाई किन्नै खोज्दा रहेछन्; यसको ज्वलन्त उदाहरण वागीश्वरी नै छ तर हामी विदेशी पैसामा बिकेनौं ।"

रास्वपाको निर्वाचन घोषणापत्रमा आगामी दुई दशक शिक्षामा लगानी वृद्धि गर्ने उल्लेख भए पनि यथार्थमा यसपालिको शिक्षामा बजेट घटाएको चर्चा गर्दै उहाँले मावि तह कक्षा १२ सम्म संविधानअनुसार नि:शुल्क गर्न सरकारले आवश्यक २४ प्रतिशत बजेट छुट्याउनुपर्छ भन्नुभयो ।

कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले शिक्षासँगै सीप र संस्कार पनि विद्यार्थीमा हुन आवश्यक छ भन्नुभयो भने वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले अनुशासनबिना विद्यार्थी जीवन सार्थक नहुनेमा जोड दिनुभयो ।

त्यस्तै दिवाकालीन अभीमुखीकरण कार्यक्रममा प्रा.डा. सिद्धिवीर कर्माचार्यले विद्यार्थीलाई 'बी सिम्पल, बी साम्पल' मन्त्र मनन गर्न आग्रह गर्दै साम्पल (नमूना) बन्नलाई कडा मिहिनत गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा सहायक प्र‌अ उकेश सुवाल, व्यवस्थापन विषय इन्चार्ज गेहेन्द्रप्रसाद दाहाललगायतले विभिन्न शिक्षक शिक्षिकाहरूले कक्षा ११ र १२ का विभिन्न विषयबारे जानकारी दिनुभएको थियो ।

### *देशको....*

अध्यक्ष विश्वराम कवांले खेलाडीहरूले कहिले पनि देशको शिर निहुराउने काम गर्न नहुने धारणा राख्दै खेलाडीहरू देशको सम्पत्ति भएको बताउनुभयो ।

उहाँले आजका युवाले नै टीमलाई अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

समाजसेवी कृष्णगोविन्द खाइजूले खेल आफ्नै परिधिभित्र बसेर खेल्ने भएकोले खेलाडीहरू हरपल अनुशासित हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका ७ नं वडाका वडा अध्यक्ष उकेश कवांको समापतित्वमा भएको बधाई कार्यक्रममा वडा सदस्य हरिरत्न गोर्खाली, रञ्जना त्वाती, भक्तपुर युवा टीमका अध्यक्ष केशव त्वानाबासु, सचिव रामेश्वर मचामसी, सदस्य सञ्जीव कवां, खेलाडी रूजल कवांले पनि बोल्नुभएको थियो ।


बिल-बिजकको प्रयोग अनिवार्य गरौं।

- हरेक खरिदमा अनिवार्य रुपमा बिल/रसिद मागौं,
- कानुनी रुपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
२०००/०८/०९

स्वर्गारोहण
२०८३/०२/२६

हाम्रो ग्वाहाली पुच:का मिलनसार मित्रहरू बाबुकाजी रंजितकार तथा रामकाजी रंजितकारका पूजनीय बुवा **आशाकाजी रंजितकार**को दु:खद निधन भएको आज पाँचौं दिन (डान्हुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरू**

इन्द्रप्रसाद बोहजु
कृष्णप्रसाद लवजु
कृष्णगोविन्द रंजितकार
रमेश साखकर्मी
कृष्णभाइ ज्याख्वा
जयप्रकाश श्रेष्ठ
जुजुरत्न शाक्य
रत्नप्रसाद ज्याख्वा
केशव चवाल
रुपेश शाक्य
पुण्यराम दुवाल

**ग्वाहाली पुच: परिवार**

हार्दिक समवेदना



**तुल्सीमाया दुवाल**

जन्म : १९९४/१२/२१ निधन : २०८३/०२/२७

यस सूर्यविनायक जय शम्भु समूहका सदस्य बाबुकाजी दुवालकी ममतामयी माता **तुल्सीमाया दुवाल**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जय शम्भु समूह**

| | | | |
|---|---|---|---|
| वीरेन्द्र खर्बुजा | रामप्रसाद बासी | राजाराम लोहला | कृष्ण प्रजापति |
| विष्णुभक्त मारिखु | तुल्सीनारायण दुमरू | वैकुण्ठ मानन्धर | रत्नगोपाल त्वायना |
| प्रकाश जाकिबन्जार | प्रचण्ड कासुला | लक्ष्मीप्रसाद त्वानाबासु | कृष्णप्रसाद माक |
| कृष्णप्रसाद किसि | राजेश सुवाल | आसराम वैद्य | रमेश त्वी त्वी |
| जगतशेर गोसाई | राजेन्द्र ग्वाछा | विष्णुभक्त कवां | लक्ष्मीप्रसाद वैद्य |
| दुर्गाप्रसाद प्रजापति | हरि अवाल | गौतम प्रजापति | हिमालयश्वरलाल मूल |
| आसाकाजी त्वानाबासु | रामनारायण गोरा | माइला दुवाल | कमल चवाल |
| विश्वराम कवां | दीपककृष्ण प्रजापति | राजेन्द्रकुमार प्रजापति | बिकुंदेवी सुकुपायो |
| न्हुछेरत्न खाइतु | पुण्यराम बखाचो | बद्री नागा | लक्ष्मी प्रजापति |
| | राजन बाटी | धर्मरत्न खाइतु | |



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा